जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२
२१ फागुन
अब २५ दिन बाँकी


वर्ष २७ • अंक २५१ • २०८२ साल माघ २५ गते आइतबार (8 February, Sunday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## रास्वपाको प्रचारमा प्रहरी गाडी दुरुपयोगः राउत

**टुडे समाचारदाता**

जेन- जी आन्दोलन अघि जनमत पार्टीले राष्ट्रिय स्वतन्त्र पार्टीलगायत विभिन्न राजनीतिक दलसंग पार्टी एकीकरणका लागि हातेमालो गर्न तम्सिए पनि अन्ततः सफल भएन ।

नागरिक उन्मुक्ति पार्टी, रास्वपा र पछिल्लो चरणमा मधेश केन्द्रित दलहरुसंग गठन गरिएको मोर्चासमेत कार्यगत एकता गरी निर्वाचनमा होमिने सम्भावना पनि छिन भएर गएपछि जनमत पार्टी समेत एक्लाएक्लै चिर्वाचनमा होमिएको छ।




प्रतिनिधिसभा निर्वाचनका प्रचारप्रसारमा रहेका जनमत पार्टीका अध्यक्ष सीके राउतले भने कुनै बेला पार्टी एकीकरण गर्ने भनि तम्सिए पनि अहिले आएर रास्वपामाथि गम्भीर आरोप लगाएका छन् ।

सामाजिक सञ्जाल अन्तर्गतको फेसबुकमार्फत अध्यक्ष राउतले रास्वपामाथि आरोप लगाउँदै प्रहरीको गाडी दुरुपयो गरी पार्टी प्रचारप्रसार गरिरहेको दाबी गरेका छन् ।

शनिबार फेसबुकमा लेख्दै राउतले अध्यक्ष राउतले प्रहरीको गाडी रास्वपाको प्रचारमा प्रयोग भएको आरोप लगाए ।

उनले फेसबुकमा लेखेका छन्, 'प्रहरीको गाडी रास्वपाको प्रचारमा प्रयोग भएको छ। प्रहरीले रास्वपाका उम्मेदवारलाई स्कर्टिंग गरेका छन्, 'यहाँसम्म कि प्रहरीले रास्वपाको मत माग्दै हिँडेका छन् ।'

प्रहरीले रास्वपाको अराजक हुललाई संरक्षण दिएको पनि राउतले लेखेका छन्, 'जनताले सब हेर्दैछ, र जवाब दिनेछ,' उनले अगाडि थपेका छन् ।

राउतले एक टेलिभिजनलाई दिएको अन्तर्वार्तामा सरकारको भूमिकामाथि पनि प्रश्न उठाएका छन् । अध्यक्ष राउतले भनेका छन्, 'मलाई पूरा आशंका के छ भने- यस्तो(जेनजी विद्रोह) घटना प्रायः घटेको छ । उनले भनेका छन्, 'त्यसपछि त्यसलाई लिगलाइज गर्नलाई मञ्चन गरिन्छ। जस्तो इराकमा भयो ।'

### निर्वाचन आचारसंहिता पालना
## निर्वाचन नजिकिँदै गर्दा न्यायाधीश नियुक्तिमा रोक

**टुडे समाचारदाता**

काठमाण्डु । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई प्रभावित पार्ने हिसाबले सरकारले नियुक्तिलगायतका कामकारबाहीलाई तीव्रता दिएको बेलामा निर्वाचन आयोगले ब्रेक लगाएको छ।



सोही क्रममा निर्वाचन नजिकिँदै गर्दा न्यायाधीश नियुक्ति गर्ने प्रधानन्यायाधीश र न्यायपरिषद्को प्रयासलाई निर्वाचन आयोगले रोक लगाएको छ। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतको निर्देशनमा न्यायपरिषद्ले 'न्यायाधीश नियुक्तिको जानकारी' भनी निर्वाचन आयोगमा पत्राचार गरेको थियो । तर आयोगले भने निर्वाचन आचारसंहिता लागू भइसकेको भन्दै न्यायाधीश नियुक्ति प्रक्रिया अघि नबढाउन पत्राचार गरेपछि रोकिएको छ।

यस अघि विभिन्न मन्त्रालयले आफ्नो पहुँच र शक्तिको दुरुपयोग गर्दै आ-आफ्ना आसेपासेलाई नियुक्ति गर्ने क्रम भने रोकिएको छैन।

निर्वाचन प्रक्रिया शुरु भइसकेपछि न्यायपरिषद्ले नियुक्तिको प्रयास गरेसंगै सर्वोच्च अदालतकै कतिपय न्यायाधीशहरूले समेत सो कार्यको विरोध गरेका छन् ।

न्यायपरिषद् स्रोतले जनाए अनुसार कागजात केलाउँदा जिल्ला न्यायाधीश नियुक्तिका लागि निर्वाचन आयोगले दिएको अनुमतिपछि न्यायपरिषद्ले सर्वोच्चदेखि जिल्लातहमा अर्को चरणको न्यायाधीश नियुक्तिको प्रयास गरेको देखिन्छ । लोकसेवा आयोगले नै लिएको परीक्षाबाट उत्तीर्णहरूलाई नियुक्ति गर्न अनुमति दिएको आयोगले त्यसपछि अन्य प्रक्रियामा भने रोक लगाएको छ।

न्यायपरिषद्ले शुरुमा २०७२ माघ १४ मा निर्वाचन आयोगमा पत्र पठाएको थियो । पुसको अन्तिम साता २० जना जिल्ला न्यायाधीशहरू नियुक्त भएको र उनीहरूको पदस्थापन गर्नुपर्ने भन्दै परिषद्ले केही न्यायाधीशहरूको सरुवाका लागि निर्वाचन आयोगसंग अनुमति मागेको थियो।

उक्त पत्रको जवाफमा आयोगले जिल्ला न्यायाधीशहरूको सरुवाको अनुमति दिएपछि सोही अनुसार सरुवाको निर्णय समेत भएको थियो । सर्वोच्च अदालत प्रशासनसम्बद्ध स्रोतले जनाए अनुसार त्यसपछि एकाएक प्रधानन्यायाधीशले फुलकोर्टमा नै सर्वोच्चदेखि जिल्ला न्यायाधीशहरू नियुक्ति प्रक्रिया अघि बढाउने भनी न्यायाधीशहरूलाई सूचित गरेका थिए।

त्यस्तै दोस्रो पत्रमा न्यायपरिषद्का सचिव जितेन्द्रबाबु थपलियाले न्यायपरिषद् ऐन २०७३ को दफा ४(१) उद्धृत गरेका छन्, जसमा सर्वोच्च अदालतका न्यायाधीश रिक्त हुनुभन्दा एक महिनाअघि अर्को न्यायाधीश सिफारिस गर्नुपर्ने व्यवस्था गरिएको छ।

उक्त पत्रमा उच्च अदालतको मुख्यन्यायाधीश र न्यायाधीश पनि नियुक्ति गर्नुपर्ने व्यवस्था रहेको भन्दै सर्वोच्चले निर्वाचन आयोगमा पत्र पठाएको छ।

उक्त पत्रमा भनिएको छ, 'उपयुक्त कानूनी व्यवस्था कार्यान्वयनका लागि न्यायपरिषद्बाट निकट भविष्यमा न्यायाधीश नियुक्ति सम्बन्धी कामकारबाही आवश्यकताको कारण अगाडि बढाउनुपर्ने हुँदा निर्वाचन आचारसंहिता, २०८२ को दफा ५ (च) प्रयोजनार्थ जानकारी गराइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।'

निर्वाचन आयोगबाट न्यायपरिषद्मा पठाइएको पत्रमा, 'यस आयोगबाट ४ माघ, २०८२ देखि निर्वाचन आचारसंहिता, २०८२ लागू भइसकेको हुँदा तहाँ परिषद्बाट गर्ने भनिएको न्यायाधीश नियुक्ति आचारसंहिताको दफा ५(च) बमोजिम गर्न नमिल्ने बेहोरा निर्णयाअनुसार अनुरोध छ।'

स्रोतले दुईवटा कारणले न्यायाधीश नियुक्तिको प्रक्रिया अघि बढाउन अनुमति नदिइएको जनाएको छ । साढे तीन वर्षदेखि सर्वोच्च अदालतमा हुनुपर्ने २१ जना न्यायाधीशहरू नियुक्त नभएर पद रिक्त बनाइएको छ।

चार न्यायाधीश रिक्त रहेको अवस्थामा गत २७ जेठमा न्यायपरिषद्ले तीनजना न्यायाधीशको नाम मात्रै सिफारिस गरेको थियो । एउटा पद खाली राखेर सिफारिस गर्न नहुने भन्दै वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लले फरक मत राखेकी थिइन् ।

यता नेपाल बार एसोसिएसनका महासचिव केदार कोइराला निर्वाचनको मिति नजिकिएको अवस्थामा न्यायाधीश नियुक्तिमा जोड गर्दा त्यसले राम्रो सन्देश नजाने बताए।

## सेनाको अभ्यासमै हराएको बम विस्फोट, ४ बालक घाइते

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको रुपनी गाउँपालिका-६ स्थित दुधौली खोला क्षेत्रमा भएको विस्फोटमा नेपाली सेनाको अभ्यासका क्रममा हराएको बम नै विस्फोट हुँदा ४ जना बालक घाइते भएका छन् ।

प्रहरी निरीक्षक प्रमोद साहको कमाण्डमा खटिएको टोलीले प्रारम्भिक अनुसन्धानपछि उक्त बम सेनाको अभ्यासका क्रममा हराएको बम रहेको प्रारम्भिक निष्कर्ष निकालिएको उच्च स्रोतले जनाएको छ।



उच्च स्रोतले जनाए अनुसार दुधौली खोला क्षेत्रमा करिब एक महिना अघि नेपाली सेनाको फाइरिङ अभ्यास सम्पन्न भइसकेको थियो । उक्त अभ्यास सकिएपछि एक बम हराएको आशंकामा सेनाको १५ सदस्यीय टोली लामो समयसम्म घटनास्थल वरपरमा खोजतलास गर्न जुटेका थिए । तर उक्त बम समयमै फेला नपरेकै अवस्थामा शनिबार विस्फोट भएको प्रारम्भिक पुष्टि भएको जनाइएको छ । सो बम विस्फोटपछिको अवस्थालाई मध्यनजर गर्दै नेपाली सेना श्रीबरख गणबाट सहायक सेनानीको कमाण्डमा बम स्क्वाड टोली घटनास्थलमा खटाइएको छ । सुरक्षाका सबै मापदण्ड अपनाउँदै विस्फोटको प्रकृति, अवशेष र स्रोत पहिचान गर्ने काम भइरहेको प्रहरीको उच्च अधिकारीले जनाए।

जिल्ला प्रहरी कार्यालय सप्तरीले बम विस्फोट घटनालाई अत्यन्त संवेदनशील मान्दै सबै कोणबाट गहन अनुसन्धान भइरहेको जनाएको छ । विस्फोटमा प्रयोग भएको वस्तुको आधिकारिक पुष्टि, जिम्मेवारी निर्धारण र सम्भावित लापरबाहीबारे समेत छानबिन अगाडि बढाइएको बताइएको छ।

शनिबार सामुदायिक वननजिकै दुधैला खोलामा वनभोज खान पुगेका बालकले खोलामा भेटिएको रकेट जस्तो देखिने खेलौना दाउरासंगै जम्मा गरेर राखेका थिए। चुल्होनजिक राखिएको उक्त खेलौना अचानक विस्फोट भएको थियो ।

विस्फोटको छर्रा लागेर स्थानीय साजन आले मगरका ११ वर्षका छोरा साहस, मनोज थापा मगरका ९ वर्षका छोरा प्रशिस, कर्णबहादुर थापा मगरका १६ वर्षका छोरा कविर र पदमबहादुर विकका १३ वर्षको छोरा सुरज घाइते भएका थिए।

घाइतेलाई मधेश प्रदेश प्रहरी अस्पताल रुपनीमा उपचारपछि रेफर गरेर छिन्नमस्ता अस्पताल राजविराज ल्याइएको थियो।

घाइतेमध्ये साहस र प्रशिसको खुट्टा र शरीरका विभिन्न भागमा र कविर र सुरजको शरीरको विभिन्न भागमा छर्रा लागेको छ।

नेपाली सेना बरख गण राजविराजका प्रमुख सेनानी सोबितबहादुर चन्दले घटना भएको स्थलमा पुगेर अनुसन्धान गरिरहेको बताए।

सप्तरीका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले ती विषयमा सेनाले पनि अनुसन्धान गरिरहेको बताए।

हाल चारै जना खतरामुक्त रहेको जनाइएको छ। तर घटनाले सैन्य अभ्यास क्षेत्रको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठाएको भन्दै स्थानीय र सुरक्षा निकायबीच आशंका उब्जिएको छ।

## पर्सामा १० महिला उम्मेदवार

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा जिल्लाका चारवटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट दशजना महिला उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् ।




विगतको निर्वाचनभन्दा यसपटक विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी प्रत्यक्ष रूपमा सबैभन्दा धेरै दशजना महिला प्रतिस्पर्धामा उत्रिएका छन् ।

पर्सा निर्वाचन क्षेत्र नम्बर १ मा पुरुष मतदाताको संख्या तुलनात्मक रूपमा बढी रहे पनि एकजना मात्र महिला उम्मेदवार चुनावी दौडमा रहेकी छन् ।

निर्वाचन कार्यालय पर्साले जनाए अनुसार आर्य शशीकला राउतले स्वतन्त्र उम्मेदवारको रूपमा उम्मेदवारी दर्ता गराएकी छन् ।

महिला उम्मेदवारको हिसाबले सबैभन्दा बढी सक्रियता क्षेत्र नम्बर २ मा देखिएको छ।

पहिलोपटक रिमा कुमारी यादव नेकपा एमालेबाट उम्मेदवार बनेकी छन् । त्यस्तै बिना जयसवाल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट उम्मेदवार बनेकी छन् । उनी २०७९ सालको निर्वाचनमा राप्रपाबाट समानुपातिक सांसद थिइन् ।

रञ्जु कुमारी साह प्रभु साह नेतृत्वको आम जनता पार्टीबाट उम्मेदवार बनेकी छन् । त्यस्तै किस्मती देवीले स्वतन्त्र उम्मेदवारी दर्ता गराएकी छन् ।

त्यस्तै जनमत पार्टीकी मालती कुमार कुशवाहा उम्मेदवार बनेकी छन् । उनी पहिलो पटक प्रतिनिधिसभा सदस्यको निर्वाचनमा मैदानमा उत्रिएकी छन् ।

पर्सा निर्वाचन क्षेत्र नम्बर ४ मा पनि चारजना महिला उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् ।

सिमादेवी कलवार जनमत पार्टीबाट उम्मेदवार बनेकी छन् । उनले पहिलो पटक संसदीय निर्वाचनमा प्रतिस्पर्धा गरिरहेकी छन् ।

अन्य तीनजना स्वतन्त्र उम्मेदवारका रूपमा रहेकी उमा देवी, कान्ति देवी कुर्मी र सुरजी देवी नुनियाले उम्मेदवारी दर्ता गराएकी छन् ।



# बिहेको तयारीमा रहेका युवक मृत भेटिए

**टुडे समाचारदाता**

मलंगवा । बिहेको तयारीमा रहेका सर्लाहीको ईश्वरपुर नगरपालिका-७ पोखरी टोलका एक युवक मृत अवस्थामा फेला परेको छ । २० वर्षीय युवक अनिल महतो पोखरीमा मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

गत सोमबार रातिदेखि बेपत्ता भएका उनी बुधबार बिहान आफ्नै घरबाट करिब एक किलोमिटर टाढा रहेको पोखरीमा मृत भेटिएको हो ।



सोमबार राति घरबाट निस्किएका अनिल मंगलबारसम्म पनि सम्पर्कमा नआएपछि परिवारले खोजतलास सुरु गरेको थियो । खोजी गर्दा फेला नपरेपछि मंगलबार पिडीत परिवारले प्रहरीमा निवेदन दिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी सरोज राईले बताएका छन् ।

बुधबार दिउँसो स्थानीयले पोखरीमा शव देखेपछि प्रहरीलाई जानकारी गराएका थिए । मृतकको साथबाट मोबाइल फोनसमेत बरामद भएको प्रहरीले जनाएको छ । मृतक अनिल लेबरको रूपमा राजमिस्त्रीको काम गर्दै आएको परिवारले जनाएको छ ।

मृतकका बुवा रामप्रताप महतोले संचारकर्मीसँग कुरा गर्दै सोमबार राति छोरा अनिलसँगै खाना खाएर सुत्न गएको बताए । 'मंगलबार बिहान उठ्दा उसको कोठाको ढोका खुल्लै थियो,' बुवा महतोले भने, 'धेरै समयसम्म पनि घर नफर्किएपछि खोजी गर्यौं र प्रहरीमा निवेदन दिएका थियौं ।'

शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा ल्याइएको थियो । पोस्टमार्टम भए पनि निष्पक्ष र न्यायिक छानबिनको माग गर्दै परिवारले शव बुझ्न अस्वीकार गरेको छ । अनिलको बुधबार नै बिहेको छेका तय हुने कार्यक्रम रहेको थियो । विवाहको तयारी भइरहेका बेला अचानक घटेको घटनाले परिवार शोकमा डुबेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मतदान जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गर्ने माध्यम हो: आयुक्त डा तुलाधर



काठमाण्डु । निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधरले लोकतन्त्रको सुदृढीकरणका लागि निर्वाचन प्रणाली पारदर्शी, निष्पक्ष र विश्वासनीय हुनु आवश्यक रहेको बताउनुभएको छ ।

निर्वाचन पर्यवेक्षण गर्न अनुमति प्राप्त राष्ट्रिय संस्थाका प्रमुख तथा प्रतिनिधिसँगको छलफलमा उहाँले निर्वाचनलाई स्वच्छ र स्वतन्त्र तुल्याउन निर्वाचन प्रक्रियाको पर्यवेक्षणको भूमिका अत्यन्त महत्त्वपूर्ण रहने उल्लेख गर्नुभयो । आयुक्त तुलाधरले भन्नुभयो, "निर्वाचन केवल मतदान गर्ने प्रक्रिया मात्र होइन, यो जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गर्ने माध्यम हो ।"

उहाँले आममतदाताको विश्वास कायम राख, कानुनी व्यवस्था र आचारसंहिताको पालना सुनिधित गर्न तथा निर्वाचन व्यवस्थापनलाई थप सुधारोन्मुख बनाउन निष्पक्ष, वस्तुनिष्ठ र जिम्मेवार पर्यवेक्षणले महत्त्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको बताउनुभयो ।

आयुक्त तुलाधरले भन्नुभयो, "निर्वाचन पर्यवेक्षण कार्यमा निर्वाचनसम्बन्धी प्रचलित कानुन, नियम, निर्देशिका तथा निर्वाचन आयोगद्धारा जारी आचारसंहिताको पूर्ण पालना हुनु आवश्यक छ । पर्यवेक्षकहरू कुनै पनि राजनीतिक दल, उम्मेदवार वा सरोकारवाला पक्षको प्रभाव, आग्रह वा दबाबमा नपरी निष्पक्ष रूपमा आफ्नो कर्तव्यमा संलग्न हुनुपर्दछ ।" पर्यवेक्षण कार्यमा संलग्न रहँदा तटस्थता, निष्पक्षता र व्यावसायिक आचरण अत्यावश्यक रहेको बताउँदै उहाँले व्यक्तिगत धारणा, पूर्वाग्रह वा अनुमानका आधारमा निष्कर्ष निकाल्ने कार्य नगरी तथ्यमा आधारित पर्यवेक्षण र अवलोकनमा केन्द्रित हुन आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "पर्यवेक्षणका क्रममा मतदान प्रक्रिया, मतगणना वा निर्वाचन व्यवस्थापनमा संलग्न कर्मचारीको नियमित कार्यमा कुनै किसिमको अवरोध, हस्तक्षेप वा प्रभाव पर्ने गतिविधि तथा कुनै पनि पक्षपातपूर्ण व्यवहार गर्न पाइने छैन । प्रचलित निर्वाचन कानुन र आचारसंहिताको उल्लङ्घनतर्फ सचेत रहनु जरूरी छ ।"आयुक्त डा तुलाधरले निर्वाचन प्रक्रियालाई अझ पारदर्शी, विश्वासयोग्य र जनउत्तरदायी बनाउन सबैले उच्च नैतिकता, व्यावसायिकता र जिम्मेवारीका साथ आफ्नो भूमिका निर्वाह सुझाव दिनुभयो ।रासस

> "पर्यवेक्षणका क्रममा मतदान प्रक्रिया, मतगणना वा निर्वाचन व्यवस्थापनमा संलग्न कर्मचारीको नियमित कार्यमा कुनै किसिमको अवरोध, हस्तक्षेप वा प्रभाव पर्ने गतिविधि तथा कुनै पनि पक्षपातपूर्ण व्यवहार गर्न पाइने छैन । प्रचलित निर्वाचन कानुन र आचारसंहिताको उल्लंघनतर्फ सचेत रहनु जरुरी छ ।"

# कांग्रेस बदलिएको सन्देश घरघरसम्म पुर्‍याउनुपर्छ: सभापति थापा



काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले कांग्रेस बदलिएको सन्देश घरघरसम्म पुर्‍याउनुपर्ने बताउनुभएको छ । नेपाली कांग्रेस काठमाडौँ क्षेत्र नं ६ ले शनिबार आयोजना गरेको सदस्य भेलालाई सम्बोधन गर्दै उहाँले जेनजी आन्दोलनको मर्म र भावनाअनुसार कांग्रेस बदलिएकाले उक्त सन्देश घरघरसम्म पुर्‍याउनुपर्नेमा जोड दिनुभयो ।

सभापति थापाले गत भदौ २३ र २४ को आन्दोलनबाट पाठ लिएर कांग्रेस सच्चिएको भन्दै पार्टी अब देश बदल्ने अभियानमा लागेको सन्देश गाउँ र घरघरसम्म पुर्‍याउनुपर्ने धारणा राख्नुभयो । "कांग्रेस बदलिएको सन्देश तलसम्म पुगेको छैन, यो सन्देश घरघरमा पुर्‍याउनुपर्छ । अघिल्लो निर्वाचनमा कांग्रेसलाई मत हालेका २७ लाख मतदाता माझ जानुपर्छ", उहाँले भन्नुभयो । अधिवेशनपछि सबैभन्दा नयाँ पार्टी कांग्रेस भएर आएको उहाँको भनाइ छ ।

सभापति थापाले जेनजी आन्दोलनको मर्म र भावनालाई आत्मसात् गर्नका लागि कांग्रेसले विशेष महाधिवेशन गरेर नयाँ नेतृत्व चयन गरेको उल्लेख गर्नुभयो । उहाँले विशेष महाधिवेशनमा कसैले जितेको र हारको नभई पार्टीले जितेको बताउनुभयो । "सबै पक्षलाई मात्र नभएर देशलाई नै मिलाएर लैजाने शक्ति कांग्रेस हो । मुलुकमा देखिएको भागबण्डाको संस्कृति तथा भ्रष्टाचार रोक्न कांग्रेस सशक्त भएर जानेछ", उहाँले भन्नुभयो ।

कार्यक्रममा कांग्रेस महामन्त्री प्रदीप पौडेलले नागरिकको अपेक्षा अनुसार नीति र नेतृत्व दुवै सच्चिएर आएकाले पार्टीले नागरिकको विश्वास जित्ने बताउनुभयो । उहाँले भदौ २३ र २४ को आन्दोलनले आफूहरूलाई पनि खबरदारी गरेको भन्दै कमजोरी स्वीकार गरेर नागरिकले चाहेजस्तै परिमार्जन र रुपान्तरणमार्फत पार्टी निर्वाचनमा होमिएको उल्लेख गर्नुभयो ।महामन्त्री पौडेलले जन्मको आधारमा पुरानो भए पनि विचारका आधारमा कांग्रेसजस्तो नयाँ अरु पार्टी नभएको बताउनुभयो । समाजको चाहनाअनुसार नयाँ ढङ्गबाट पार्टी अघि बढिरहेको उहाँको भनाइ छ । जनताले चाहेजस्तो नेतृत्व कांग्रेसले ल्याएको भन्दै उक्त नेतृत्वले देश बदल्ने अठोट लिएको उहाँले बताउनुभयो ।

कांग्रेस काठमाडौँ क्षेत्र नं ५ का सभापति एवं प्रदेश सांसद श्यामबहादुर खड्काले काठमाडौँ क्षेत्र नं ५ को विकासका लागि पार्टीका उम्मेदवारलाई मतदान गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले नयाँ नेतृत्वसहित आएको पार्टीले देशको विकास गर्ने उल्लेख गर्नुभयो ।उक्त कार्यक्रममा काठमाडौँ क्षेत्र नं ५ को निर्वाचन परिचालनका लागि ५०१ सदस्यीय प्रचारप्रसार समिति गठन गरिएको छ ।रासस

# पहाडी जिल्लाका उम्मेदवारहरू मतदाता फकाउन तराईका जिल्लामा

काठमाण्डु । आसन्न फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनको चहलपहल बढ्दै जाँदा लुम्बिनी प्रदेशका पहाडी जिल्लाका उम्मेदवार मतदाता फकाउन तराईका जिल्ला झर्न थालेका छन् । लुम्बिनी प्रदेशका पहाडी जिल्लाका गुल्मी, पाल्पा, अर्घाखाँची र प्युठानका उम्मेदवार मतदातासँग भेटघाट र आफ्नो पक्षमा मतदाता फकाउन तराईका जिल्ला रूपन्देही र कपिलवस्तु केन्द्रित हुन थालेका छन् । उनीहरूले तराईका जिल्लामा आ-आफ्ना पार्टीका भेला, बैठक र मतदातासँग प्रत्यक्ष भेटेरै मतदाता रिझाउने कार्यक्रम थालेका छन् ।

प्रदेशका १२ जिल्लामध्ये एउटा हिमाली जिल्ला पूर्वी रुकुम र अन्य पाँच पहाडी जिल्ला पर्दछन् । पहाडी जिल्लाका धेरै मतदाता बसाइ सरेर रूपन्देही, कपिलवस्तु र काठमाडौँलगायत जिल्लामा आएका छन् । तर उनीहरूले मतदाता नामावली भने स्थानान्तरण नगरिसकेकाले निर्वाचनका समयमा उम्मेदवार मत माग्न यी जिल्लामा पुग्ने गरेका छन् ।

गुल्मी क्षेत्र न १ बाट नेकपा (एमाले)का उम्मेदवार प्रदीपकुमार ज्ञवाली, नेपाली कांग्रेसका उम्मेदवार चन्द्र भण्डारी, राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार सागर ढकाल र नेपाली कम्युनिष्ट पार्टीबाट शुदर्शन बराललगायत १० राजनीतिक दलहरूसँगै ११ जना स्वतन्त्र उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । यस क्षेत्रमा एक लाख २२ हजार १८६ मतदाता रहेका छन् । उम्मेदवारहरूले बुटवल र भैरहवामा कार्यकर्ता भेला तथा बैठक गरेर फागुन २१ को निर्वाचनमा मतदान गर्न जिल्ला फर्कन आह्वान गरेका छन् ।

नेकपा (एमाले) को तर्फबाट यस क्षेत्रमा उम्मेदवार बन्नुभएका ज्ञवालीले बिगतका निर्वाचनको तथ्याङ्कलाई हेर्दा रूपन्देही, नवलपरासी र कपिलवस्तुलगायत क्षेत्रमा गुल्मी जिल्लाका झण्डै १० हजारको सङ्ख्यामा मतदाता रहेको अनुमान गर्नुहुन्छ । उहाँले जिल्ला बाहिरका मतदातालाई निर्वाचनमा मतदानका लागि आउने वातावरण बनाउन अन्य जिल्लामा पुगेर भेटघाट, भेला, छलफलजस्ता कार्यक्रमलाई प्राथमिकता दिइएको बताउनुहुन्छ ।

यसअघिका स्थानीय तह निर्वाचन र सङ्घीय तथा प्रादेशिक निर्वाचनमा यसरी नै उम्मेदवार हरूले बेजिल्लामा रहेका मतदातालाई भेटेर मत माग्ने कार्यलाई अहिले निरन्तरता दिएका छन् । तर यसवर्ष जेनजी आन्दोलनपछिको विशेष परिस्थितमा फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको घोषणा हुँदा उम्मेदवारलाई मतदाता खोज्न सकस परेको हो ।

नेपाली कांग्रेस गुल्मी क्षेत्र न. १ का उम्मेदवार चन्द्र भण्डारी विसं २०७९ को निर्वाचनमा नेकपा (एमाले) का नेता प्रदीपकुमार ज्ञवालीलाई पराजित गरेर निर्वाचित हुनुभएको थियो । विसं २०७९ को निर्वाचनमा रूपन्देही जिल्लाबाट मात्र आफूले चार हजार ५०० मतदाता मतदानका लागि गुल्मी पुर्‍याएको बताउनुहुन्छ । यस पटक बुटवलमा एकपटक भेला गरी सकेको र यसलाई निरन्तरता दिने उहाँ बताउनुहन्छ ।

जिल्लाको क्षेत्र नम्बर २ मा १० दल र १२ जना स्वतन्त्र उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । यस क्षेत्रबाट एमालेका उपाध्यक्ष एवं पूर्वमन्त्री गोकर्ण विष्ट, नेपाली कांग्रेसका लुम्बिनी प्रदेश उपसभापति भुवन श्रेष्ठ, नेकपाका श्रीराम महत र रास्वपाबाट गोविन्द पन्थी चुनावी मैदानमा रहनुभएको छ । उज्यालो नेपाल पार्टीबाट कर्णबहादुर थापा, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट जनक सेन, नेशनल रिपब्लिक



नेपालबाट पदम थापामगर, मङ्गोल नेशनल अर्गनाइजेसनबाट बेदबहादुर थापा उम्मेदवार रहनुभएको छ । यस निर्वाचनमा एक लाख सात हजार ३६३ जना मतदाता रहेका छन् ।

निर्वाचन प्रचारप्रसारका क्रममा नेकपा (एमाले) का तर्फबाट उम्मेदवार बन्नुभएका पार्टी उपाध्यक्ष विष्टले बुटवलमा तीन दिनसम्म आफ्नो निर्वाचन क्षेत्रका पालिका स्तरीय विभिन्न कार्यक्रम तथा मतदातासँग भेटघाट सकाएर बिहीबार जिल्ला फर्कनुभएको छ । उहाँले बुटवलमा तीन दिनसम्म झण्डै एक दर्जन कार्यक्रम सम्पन्न गर्नुभयो ।

नेकपा (एमाले) पाल्पा क्षेत्र न २ का उम्मेदवार ठाकुर गैर आफ्नो क्षेत्रका धेरै मतदाता स्थायी बसोबास वा विभिन्न पेसाका लागि बुटवल, भैरहवा लगायतका क्षेत्रमा रहेकाले उनीहरूलाई निर्वाचनमा मतदानका लागि आउने वातावरण निर्माण गर्न पार्टीले कार्यक्रम गर्ने योजना रहेको बताउनुहुन्छ । नेपाली कम्युनिष्ट पार्टीका तर्फ बाट पाल्पा क्षेत्र न. २ मा उम्मेदवार बन्नुभएका सोमप्रसाद पाण्डेले माघ १८ गते बुटवलमा पत्रकार सम्मेलन गरेर पाल्पाबाट बुटवललगायत क्षेत्रमा बसेका मतदातालाई निर्वाचनमा मतदानका लागि निमन्त्रणा गर्नुभयो । यससँगै उहाँले रूपन्देहीका विभिन्न स्थानमा कार्यकर्ता भेटघाट र भेला आयोजना गरेर मतदातालाई रिझाउने काम गर्नुभएको छ ।

पाल्पा क्षेत्र नं २ मा एक लाख नौ हजार ५३ जना मतदाता रहेका छन् । जसमा ५३ हजार ७७५ जना पुरुष र ५५ हजार २७८ जना महिला मतदाता रहेका छन् । क्षेत्र नं २ मा ११८ मतदानस्थल र २५१ वटा मतदान केन्द्र रहेका छन् । यस निर्वाचन क्षेत्रमा १४ वटा राजनीतिक दलसहित दुई स्वतन्त्र गरी १६ जना उम्मेदवारहरू प्रतिस्पर्धामा छन् ।

एक मात्र निर्वाचन क्षेत्र रहेको अर्घाखाँची जिल्लामा एक महिलासहित १५ जना चुनावी प्रतिस्पर्धामा छन् । विभिन्न पार्टीका १२ जना र तीन जना स्वतन्त्र गरी १५ जना प्रतिनिधिसभाको निर्वाचनका लागि चुनावी प्रतिस्पर्धामा छन् । यस जिल्लामा नेपाली कांग्रेसबाट विष्णुप्रसाद खनाल र नेकपा (एमाले) बाट पिताम्बर भुसालको उम्मेदवारी परेको छ । त्यसैगरी नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट रामबहादुर चौहान, राष्ट्रिय स्वतन्त्र पाटीबाट हरिप्रसाद भुसाल, नेकपा (माओवादी) बाट खीमबहादुर घर्ती, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट झविन्द्र फुल्लेल, राष्ट्रिय जनमोर्चाबाट पशुपति ढकाल, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट पुस्करनाथ आचार्य र स्वतन्त्र उम्मेदवार रवि शाह उम्मेदवार रहेका छन् ।

अर्घाखाँची जिल्लामा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कूल एक लाख ७१ हजार ६५२ जना मतदाता रहेका छन् । जसमा पुरुष ८७ हजार १५७ जना र महिला ८४ हजार ४९५ जना रहेका छन् । यस जिल्लामा १०२ मतदानस्थल र २०९ मतदान केन्द्र रहेका छन् ।

उम्मेदवारहरूले जिल्लामा प्रचारप्रसारका कार्यक्रमसँगै बुटवल, भैरहवा, कपिलवस्तुलगायत ठाउमा पुगेर मतदातासँग भेटघाट गरेका छन् । नेकपा (एमाले) का उम्मेदवार पिताम्बर भुसालले बुटवलमा एकचरण कार्यकर्ता भेला गरेर मतदाता रिझाउने काम सकाएको बताउनुहुन्छ । उहाँले आवश्यक परे फेरि विभिन्न कार्यक्रम आयोजना गरिने बताउनुहुन्छ । उहाँले अर्घाखाँचीका धेरै मतदाता कपिलवस्तुमा बसोबास रहेको र यसबाहेक बुटवल, भैरहवा, काठमाडौँ, दाङमा रहेका मतदातालाई निर्वाचनमा मतदानका लागि आह्वान गरिँदै आएको बताउनुहुन्छ । उहाँले जिल्लाका कूल मतदातामध्ये झण्डै ४० प्रतिशत मतदाता जिल्ला बाहिर रहेको बताउनुहुन्छ ।

नेपाली कांग्रेसका उम्मेदवार विष्णुप्रसाद खनाल जिल्लामा मात्र केन्द्रित रहेर सबै मतदातासँग पुग्न नसकिने बताउनुहुन्छ । रासस

# जसपा र एमालेका नेता तथा कार्यकर्ताहरु कांग्रेसमा प्रवेश

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमाले र जसपा नेपाल परित्याग गरी दर्जनभन्दा बढी नेता तथा कार्यकर्ताहरु नेपाली कांग्रेसमा प्रवेश गरेका छन् ।

धनुषाको मिथिला नगरपालिका वडा नम्बर ११ मा आयोजित पार्टी प्रवेश तथा भेटघाट कार्यक्रममा नेपाली कांग्रेसका नेता महेन्द्र यादवले जसपा नेपाल परित्याग गरी प्रवेश गरेका दर्जनौं नेता तथा कार्यकर्ताहरुलाई पार्टी प्रवेश गराएका छन् ।

जसपा नेपालका वडा अध्यक्षका प्रत्यासी पूर्णबहादुर खड्का र वीर बहादुर खडकालगायतका रहेका छन् भने नेकपा एमाले पार्टी परित्याग गरेका कृष्णबहादुर थापा, पूर्णबहादुर बम्जन, रामबहादुर लो, सोम बहादुर लो, सम्शेर मोक्तानलगायत दर्जनभन्दा बढी नेता तथा कार्यकर्ताहरु काग्रेसमा प्रवेश गरेका छन् ।

पूर्वमन्त्रीसमेत रहेका धनुषा क्षेत्र नम्बर ४ का प्रतिनिधिसभा सदस्य उम्मेदवार यादव, समानुपातिक तर्फका उम्मेदवार नेता डा. चन्द्र मोहन यादव, नेपाली कांग्रेस धनुषाका जिल्ला सभापति योगेन्द्र पँजियार, मधेश प्रदेश सरकारका पूर्वमन्त्री एवं मधेश प्रदेश सभा सदस्य शेष नारायण यादवलगायतको सहभागिता रहेको थियो ।

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : घरपरिवारसंग कुराकानी राम्रो हुनेछ । खर्चमा भने अलि ध्यान दिनुहोस् ।
वृष : आज धैर्यले काम लिने दिन हो । हतारले निर्णय नगर्नु राम्रो ।
मिथुन : आज बोल्ने तरिकाले फाइदा दिलाउन सक्छ ।
कर्कट : भावनात्मक रुपमा आज संवेदनशील दिन हो । परिवारको कुरा सुन्नु जरुरीछ ।
सिंह : आज नेतृत्व क्षमता देखाउने अवसर आउँछ ।
कन्या : आज सानो कुरामा ध्यान जान सक्छ ।
तुला : पुरानो विवाद समाधान हुन सक्छ । काम र आरामबीच सन्तुलन मिल्नेछ ।
वृश्चिक : काममा फोकस बढ्नेछ । इच्छाशक्ति बलियो रहनेछ ।
धनु : यात्रा वा भेटघाटको योग छ । पढाइ वा सीपमा प्रगति हुन्छ । खर्च अलि बढनेछ ।
मकर : मेहनतको फल देखिन थाल्छ । वरिष्ठको भरोसा पाउन सक्नुहुन्छ ।
कुम्भ: आज फरक तरिकाले सोच्ने दिन हो । नयाँ आइडिया उपयोगी बन्न सक्छ ।
मीन : आज मन शान्त राख्न सक्ने दिन हो ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिम क्वालालम्पुरको बाहिरी भागमा सेरी केम्बाङ्गनमा भारतीय सामुदायिक कार्यक्रममा भाग लिदै । *तस्बिर : एपीएफ*

# काठमाडौँलाई मधेस बुझाउन उम्मेदवारी दिएको हुँ: सभापति थापा

काठमाण्डु । सर्लाही क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिनुभएका नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले काठमाडौँलाईमधेसबुझाउनसर्लाहीबाट उम्मेदवारी दिएको बताउनुभएको छ । गोकर्णेश्वर नगरपालिकामा बसोबास गर्दै विभिन्न व्यापार, व्यवसाय तथा पेसामा संलग्न रहनुभएका सर्लाही क्षेत्र नं ४ का मतदातासँग शनिबार आयोजित अन्तरक्रिया कार्यक्रममा सभापति थापाले मधेस र काठमाडौँलाई जोड्न आफूले उम्मेदवारी दिएको बताउनुभयो ।



उहाँले भन्नुभयो, "मेरो परिवार पहाडबाट काठमाडौँ आउनुभयो, मैले आमाबाट पहाड बुझेँ । म काठमाडौँमा हुर्किएकाले सहर बुझेँ । अहिले पार्टी सभापति भएसँगै कांग्रेसलाई हुर्काउने र बढाउने मधेसलाई नबुझी राष्ट्रिय नेतृत्व गर्न सकिँदैन भन्ने लागेर मधेस आएको हुँ । म जस्तै काठमाडौँले मधेसलाई सतही रूपमा चिनेको छ, म आगामी पाँच वर्षमा काठमाडौँलाई मधेसको महत्व बुझाउने छु ।" आगामी पाँच वर्षमा मधेसको समग्र विकासमा योजनाबद्ध काम गरेर आमनागरिकको दैनिकीमा परिवर्तन ल्याउने प्रतिबद्धता जनाउनुभयो ।

"सर्लाही-४ मा मेरो शिक्षा, स्वास्थ्य, प्रविधि, कृषिलगायत टोलीले अध्ययन गरेर त्यहाँ गर्नुपर्ने कार्यका बारेमा सुझाव दिनुभएको छ, आगामी पाँच वर्षमा त्यहाँ आवश्यकताका आधारमा काम गर्नेछु । जसरी अहिले मलाई काठमाडौँ-४ का बासिन्दाले यहीँ चुनाव लड्नुस् भनेर आग्रह गर्नुभएको थियो, आगामी पाँच वर्षमा सर्लाही-४ का बासिन्दाले पनि त्यस्तै आग्रह गर्ने गरी काम गर्नेछु", सभापति थापाले भन्नुभयो । उहाँले आफ्नो ज्ञान र नेटवर्कको प्रयोग गरेर शिक्षा, स्वास्थ्य र उद्यमशीलताका विषयमा काम गर्ने भएकाले विस्तारै समस्या कम हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।रासस

# राष्ट्रिय पर्यवेक्षक संस्थाहरुका लागि अभिमुखीकरण


काठमाण्डु । निर्वाचन आयोगले राष्ट्रिय पर्यवेक्षक संस्थाहरुका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा पर्यवेक्षकले गर्न हुने र नहुने विषयमा जानकारी गराइएको थियो ।

सो अवसरमा आयोगका सहसचिव नारायणप्रसाद भट्टराईले 'निर्वाचन पर्यवेक्षणः अवधारणा र नेपालको अभ्यास', निर्वाचन व्यवस्थापन महाशाखा प्रमुख एवं सहसचिव राजेन्द्रकुमार केसीले 'प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को व्यवस्थापन (मतदानस्थल, मतदान केन्द्र, मतगणना समेत) कार्यतालिका र कार्यक्रम' विषयमा प्रस्तुति गर्नुभएको थियो ।

यसैगरी कानुन तथा दल व्यवस्थापन महाशाखा प्रमुख एवं सहसचिव यज्ञप्रसाद भट्टराईले 'निर्वाचन आचारसंहिता, २०८२ सम्बन्धी जानकारी' र सहसचिव ज्ञानहरि घिमिरेले ' प्रतिनिधिसभासम्बन्धी संवैधानिक व्यवस्था, निर्वाचन प्रणाली' विषयमा प्रस्तुति गरी निर्वाचनमा पर्यवेक्षण गर्ने ३७ वटा राष्ट्रिय संस्थाका प्रमुख एवं प्रतिनिधिलाई पर्यवेक्षकले गर्नुपर्ने कामका बारेमा जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारी, आयुक्तद्वय डा जानकीकुमारी तुलाधर र सगुनशम्शेर जबरा, सचिव कृष्णबहादुर राउतलगायतले पर्यवेक्षकले नेपालको संविधान, निर्वाचन कानुनका बारेमा बुझेको हुनुपर्नेमा जोड दिनुभएको थियो । पर्यवेक्षकले मतदानअघि, मतदानको समय र मतदानपछि मतगणनाका समयका गरी तीनवटै समयका गतिविधिका बारेमा पर्यवेक्षण गरेर आयोगलाई प्रतिवेदन बुझाउनुपर्नेमा उहाँहरुले जोड दिनुभएको थियो ।

निर्वाचन पर्यवेक्षकले पनि निर्वाचन आचारसंहिता, २०८२ भित्र रहेर काम गर्नुपर्ने, पर्यवेक्षकले सवारी पासको दुरुपयोग गर्नु नहुने, कुनै दलको पक्ष वा विपक्षमा लाग्नु नहुने, मतदानस्थलमा अनावश्यक प्रश्न गरेर मतदान प्रक्रियामा खटिएका कर्मचारीको काममा व्यवधान गर्नु नहुनेलगायत विषयमा पनि अभिमुखीकरण कार्यक्रममा जानकारी गराइएको थियो । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा ३७ राष्ट्रिय संस्था र तीन अन्तरराष्ट्रिय पर्यवेक्षक संस्थाले पर्यवेक्षणका लागि अनुमति लिएको आयोगले जनाएको छ ।रासस



# निर्वाचन चहलपहलसँगै आर्थिक गतिविधिमा बढोत्तरी

महोत्तरी । महोत्तरीमा निर्वाचनको चहलपहल बडढेसँगै आर्थिक गतिविधिमा पनि बढोत्तरी हुन थालेको छ । खासगरी होटल व्यवसायी यसबाट लाभान्वित भएका छन् ।

राजनीतिक दल र तिनका उम्मेदवारका साथै कार्यकर्ताको सघन उपस्थितिले आगामी एक महिनासम्म ग्राहकको अभाव नहुने होटल व्यवसायी बताउँछन् । "निर्वाचन चहलपहले हाम्रो व्यस्तता बढेको छ", बर्दिबासका होटल सञ्चालक तथा होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीका महासचिव नारायण घिमिरे भन्नुहुन्छ, "अबको एक महिना हाम्रो व्यवसाय जम्ने ठानेका छौँ ।" जिल्लाका सबै भेगका बजारमा होटल व्यवसाय राम्रो चलेका उहाँको भनाइ छ ।




प्रतिनिधिसभा क्षेत्र-१ को बर्दिबासमा विभिन्न दल र स्वतन्त्र उम्मेदवारका निर्वाचन परिचालन कार्यालय सञ्चालनमा आएसँगै होटलमा ग्राहकको सङ्ख्या ह्वात्तै बढेको छ । बर्दिबासचोक वरपर १० वटा दलले निर्वाचन परिचालन कार्यालय सञ्चालनमा ल्याएका छन् । यी कार्यालय सञ्चालनमा आएलगत्तै बजार चहलपहल ह्वात्तै बढेको बर्दिबासकै अर्का होटल व्यवसायी विमल भण्डारी बताउनुहुन्छ ।

जिल्लाका चारवटा निर्वाचन क्षेत्रका सबैजसो केन्द्र (निर्वाचन अधिकृतको कार्यालय स्थापना भएका ठाउँ) बजार क्षेत्रमै छन् । क्षेत्र नम्बर-१ को बर्दिबास, २ को बलवा, ३ को जलेश्वर र चारको रामगोपालपुरमा निर्वाचन अधिकृतको कार्यालय छ । अहिले यी ठाउँमात्र नभएर मटिहानी, पिपरा, मनरा, सम्सी, गौशाला, सीतापुर, लोहारपट्टी, औरही, खयरमारा, सरपल्लो, रौजासहितका बजार क्षेत्रका होटल ग्राहकले खचाखच देखिन्छन् । यी ठाउँमा दल र स्वतन्त्र उम्मेदवारका कार्यकर्ताको जमघट बढेसँगै बजारु चहलपहलमा वृद्धि भएको रौजाबजारका सामाजिक कार्यकर्ता मन्सुल कवारीको भनाइ छ ।

चुनावी चहलपहलले होटलमात्र नभएर अन्य व्यापार व्यवसाय पनि चलायमान भएको व्यापारी बताउँछन् । "अहिले चुनावले बजारमा चहलपहल बढेको छ", सीतापुर बजारका कपडा व्यापारी सहवुल अन्सारी भन्नुहुन्छ, "व्यापारीलाई राहत मिलेको छ ।"

बजारमा चहलपहल बढेको छ । यससँगै झण्डा, ब्यानर, पर्चा र पम्प्लेटका लागि कपडा पसल, पेन्टर र प्रेसमा चुनावी प्रयोजनका ग्राहक बढ्दै गएका गौशाला बजारका अजय साहको भनाइ छ । निर्वाचन जनजन र घरघर परिचालित हुने 'महापर्व'जस्तै हो । आगामी फागुन ३ गतेपछि चुनावी प्रचार औपचारिक रुपमा सुरु भएपछि चहलपहल झन बढ्ने जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष शिवचन्द्र चौधरीको भनाइ छ ।रासस

# प्रधानमन्त्री कार्कीद्वारा अभिनेता थापाको निधनमा शोक व्यक्त

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले नेपाली सिनेमा क्षेत्रका लोकप्रिय अभिनेता सुनिल थापाको असामयिक निधनको खबरले आफू मर्माहत भएको बताउनुभएको छ ।



अभिनेता थापाको निधनसँगै नेपाली र भारतीय चलचित्र जगत्ले एक बहुआयामिक कलाकार मात्र नभई दरिलो खम्बा गुमाएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले 'चिनो'का राते काइँलादेखि 'मेरी कोम'का प्रशिक्षकसम्ममा उहाँका खलनायक र सहनायकका उम्दा भूमिका करोडौँका मन जित्न सफल भएका बताउनुभएको छ ।

प्रधानमन्त्री कार्कीले शोक सन्देश जारी गर्दै कलाकार थापाका हरेक चरित्र हामी दर्शकका स्मृतिमा सदैव जीवित रहने बताउनुभएको छ । सन्देशमा उहाँले "चार दशकभन्दा बढी समयको उहाँको साधना, समर्पण र योगदान भावी पुस्ताका कलाकारका लागि प्रेरणाको स्रोत रहनेछ", भन्नुभएको छ ।

प्रधानमन्त्रीले उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन, आफन्त, शुभेच्छुक तथा सम्पूर्ण कला क्षेत्रप्रति गहिरो समवेदना व्यक्त गर्नुभएको छ । अभिनेता थापाको हृदयघातबाट ६८ वर्षको उमेरमा शनिबार बिहान निधन भएको हो ।रासस

# निर्वाचनमा ड्रोनको प्रयोगमा प्रतिबन्ध

काठमाण्डु । सरकारले आसन्न निर्वाचनमा ड्रोनको प्रयोगमा प्रतिबन्ध लगाएको छ । गृह मन्त्रालयका प्रवक्ता एवं सहसचिव आनन्द काफ्लेले आगामी फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा ड्रोनको प्रयोगमा प्रतिबन्ध लगाउने निर्णय केन्द्रीय सुरक्षा समितिले गरिसकेको जानकारी दिनुभयो ।



उहाँले अहिले सामाजिक सञ्जालको दुरुपयोग बढ्दो क्रममा रहेकाले त्यसलाई रोक्न नेपाल प्रहरीले सञ्चालनमा ल्याएको अध्याधुनिक युनिटलाई थप प्रभावकारी बनाउने पनि जानकारी दिनुभयो । उहाँले निर्वाचन आचारसंहिताको उल्लङ्घन हुने गरी मिथ्या/भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानीमा पनि टोलीले काम गरिरहेको उहाँको भनाइ छ ।

निर्वाचन विरोधी गतिविधि गर्नेलाई कानुनी दायरामा ल्याउन सुरक्षा संयन्त्रले चुस्त निगरानी गरिरहेको जनाउँदै प्रवक्ता काफ्लेले निर्वाचन प्रहरीको बिमाका साथै सञ्चार सम्पर्क नहुने मतदानस्थलको पहिचान गरी उचित प्रबन्ध मिलाउने तयारी भइरहेको बताउनुभयो । उहाँले गृह मन्त्रालयले सबै सुरक्षा संयन्त्र र प्रशासनिक निकायलाई निर्वाचनको सुरक्षामा कुनै कमीकमजोरी नगर्न र चुस्त व्यवस्थापनमा लाग्न निर्देशन दिइसकेको बताउनुभयो ।

गृहमन्त्री ओमप्रकाश अर्यालले एकीकृत निर्वाचन सुरक्षा योजना-२०८२ बमोजिम जिम्मेवार निकायले सम्पादन गरिरहेका छन । रासस

# सार्क क्षेत्रको जाइका अलमनाइ एसोसिएसनको अध्यक्षमा भुसाल निर्वाचित

काठमाण्डु । जाइका अलमनाइ एसोसिएसन फोरम अफ सार्क कन्ट्रिजको अध्यक्षमा नेपाल जाइका अलमनाइ एसोसिएसन (जान) का अध्यक्ष डा रामचन्द्र भुसाल निर्वाचित हुनुभएको छ । श्रीलङ्काको राजधानी कोलम्बोमा भएको तीन दिने 'दक्षिण एसियाको सामाजिक तथा आर्थिक विकासमा जापानको योगदान' विषयक अन्तरराष्ट्रिय गोष्ठीपश्चात आज भएको निर्वाचनमा डा भुसाल सो संस्थाको अध्यक्षमा निर्विरोध निर्वाचित हुनुभएको हो ।

डा भुसाल नेपाल जाइका अलमनाई एसोसिएसन (जान) का वर्तमान अध्यक्ष हुनुहुन्छ । सन् २०१७ देखि हालसम्म उहाँ सार्क क्षेत्रको जाइका अलमनाइ एसोसिएसनको महासचिव हुनुहुन्थ्यो । दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) क्षेत्रका जाइका अलमनाइहरुको सहभागिता रहेको उक्त सम्मेलनमा जानका अध्यक्ष डा भुसाल र उपाध्यक्ष डा किरण रुपाखेतीले नेपालको तर्फबाट कार्यक्रम प्रस्तुत गर्नुभएको जानका महासचिव शान्तिलक्ष्मी शाक्यले राससलाई जानकारी दिनुभयो ।

सो कार्यक्रममा नेपालका तर्फबाट डा भुसालको नेतृत्वमा छ सदस्यीय टोलीले सहभागिता जनाएको थियो । कार्यक्रममा श्रीलङ्काका लागि जापानी राजदूत आकिको इसोमाताले सार्क क्षेत्रको छाता सङ्गठनका रूपमा रहेको सो संस्थाले जापान र सार्क क्षेत्रका देशहरू बीचको सुमधुरसम्बन्ध कायम राख्दै सामाजिक तथा आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेलिरहेको बताउनुभएको महासचिव शाक्यले जानकारी दिनुभयो ।

नवनिर्वाचित अध्यक्ष भुसालले जापानले सार्क क्षेत्रमा निस्वार्थ, भरपर्दो र दिगो रुपमा सहयोग गर्दै आएको र जापानबाट इमान्दारिता, जिम्मेवारीकोजवाफदेहिता, अनुशासन, समयनिष्ठता र मेहनत सिक्नुपर्ने बताउनुभयो । कार्यक्रममा सार्क क्षेत्रका जाइका अलमनाइहरूबाट भए गरेका गतिविधिको बारेमा प्रस्तुति भएको थियो । सार्क क्षेत्रका जाइका अलमनाइहरूको छाता सङ्गठनका रुपमा सो संस्थाको स्थापना सन् २००८ मा भएको थियो । रासस

# चर्को आवाज निकाल्दै ध्वनि प्रदूषण गराउने आठ मोटरसाइकल नियन्त्रणमा

काठमाण्डु।काठमाडौँउपत्यकामा स्वरूप परिवर्तन गरी चर्को आवाज निकाल्दै ध्वनि प्रदूषण फैलाउने आठ वटा मोटरसाइकललाई काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले नियन्त्रणमा लिएको छ ।

उपत्यकाका विभिन्न क्षेत्रमा पछिल्लो समय चर्को आवाज निकाल्ने मोटरसाइकलका कारण स्थानीय बासिन्दा हैरान भएको गुनासो बढ्दै गएपछि ट्राफिक प्रहरीले विशेष चेकजाँच अभियान सञ्चालन गर्दै आएको छ । काठमाडौँको तारकेश्वर नगरपालिका-८ अन्तर्गत नेपालटार र डाँडागाउँ सडकखण्डमा गरिएको विशेष चेकजाँचका क्रममा ती आठ वटा मोटरसाइकल नियन्त्रणमा लिइएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले राससलाई जानकारी दिनुभयो ।

"तारकेश्वर क्षेत्रमा स्वरूप परिवर्तन गरी ठूलो आवाज निकाल्दै मोटरसाइकल चलाउने गरेको भन्ने गुनासो आएपछि ट्राफिक प्रहरीले निगरानी बढाएको थियो", उहाँले भन्नुभयो, "सोही क्रममा सम्बन्धित निकायमा दर्ता नभई सञ्चालन भइरहेको एक आइटी ग्यारेजमा चेकजाँच गर्दा आठ वटा मोटरसाइकल नियन्त्रणमा लिइएको हो ।"उहाँका अनुसार ती



मोटरसाइकलमा साइलेन्सर पाइप तथा अन्य संरचनामा अवैध रूपमा परिवर्तन गरिएको पाइएको र जसका कारण अत्यधिक ध्वनि उत्पन्न भई वातावरणीय प्रदूषण बढ्नुका साथै सर्वसाधारणको दैनिकीमा प्रतिकूल असर परेको थियो ।

चर्को आवाज निकाल्ने सवारीसाधनले ध्वनि प्रदूषण मात्र होइन, मानव स्वास्थ्यमा समेत गम्भीर नकारात्मक असर पुऱ्याउने गरेको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताउनुभयो । "अत्यधिक ध्वनिका कारण बालबालिका, वृद्धवृद्धा, बिरामी तथा विद्यार्थीहरू बढी प्रभावित हुने गरेका छन्", उहाँले भन्नुभयो, "त्यसैले स्वरूप परिवर्तन गरी ठूलो आवाज निकाल्ने सवारीसाधन नचलाउन सबै सवारी चालकलाई आग्रह गर्दछौँ ।"

प्रवक्ता सुवेदीका अनुसार नियन्त्रणमा लिइएका ती सवारीसाधनलाई यातायात व्यवस्था ऐन, २०४९ अनुसार आवश्यक कानुनी कारबाही गरिनेछ । नियन्त्रणमा लिइएका मोटरसाइकललाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि अहिले काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयमा राखिएको छ ।रासस


## Shree Janta Ma Vi
**Mangraha, Kamala Municipality-01, Dhanusha**


**Invitation for Bid**

**First Date Of Publication: 2082/10/25 B.S (Feb 8, 2026)**

Shree Janta Ma Vi, Mangraha Iswarwada invites electronic bids form Nepalese eligible bidders for the Construction of following project under National Competitive Bidding procedures.

| S. No. | Contract Id | Name of Project | Bid Security | Bid Doc. Fee |
|---|---|---|---|---|
| 1 | SSC/NCB/WORKS/01/2082-083 | Construction of Shree Janta Ma Vi Building Mangraha, Iswarwada, Kamala Municipality | NRs. 120000 | NRs. 3000 |

- **Account name and no. for Bid Security and Bid Doc fee:**
  **Account Name:** Janta ma.vi. Mangraha, Ishwarwara
  Nepal Bank Limited, Janakpurdham
  **Account Number:** 00800100464307000001
- Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website http://www.bolpatra.gov.np/egp or may visit Shree Janta Ma Vi, Mangraha Iswarwada The Last date of submission of bid is March 10, 2026 (2082-11-26) till 12:00 noon time.



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# गलत रिर्पोट बनाउने प्रवृत्ति बन्द गर्नुपर्छ

बालबालिकाको क्षेत्रमा कार्यरत्त अन्तराष्ट्रिय संस्था सेभ द चिल्ड्रेनले गैर सरकारी संस्थाहरुसितको मिलेमतोमा बजेट हजम गरिरहेको छ। सेभ द चिल्ड्रेनले बालबालिकालाई सबै प्रकारको श्रमबाट मुक्त गरी विद्यालयसम्म पुऱ्याउने लक्ष्यका साथ काम गरिरहेको दाबी गर्छ। कागजमा सेभ द चिल्ड्रेनले उपलब्धिको ठूलै फेहरिस्त तयार गर्दै आएको छ । तर व्यवहारमा उसको प्रमुख लक्ष्य बिभिन्न गैर सरकारी संघसंस्थाहरुसित मिलेमतो गरी बजेट हजम गर्ने मात्र रहेको छ । विद्यालय जान वञ्चित रहेका बालबालिकाहरुलाई विद्यालयसम्म पठाउन सेभ द चिल्ड्रेनले आसमान नेपालसितको मिलेमतोमा केही सय करोड खर्च गरिसकेको छ । तर उपलब्धि गैर सरकारी संस्था र सेभ द चिल्ड्रेनका कर्मचारीहरुले मात्र पाए । अहिलेपनि लाखौँ बालबालिकाहरु मधेश प्रदेशमा मात्रै अनेक प्रकारको श्रममा लगाइएको छ। बालबालिकालाई श्रममा लगाउन नपाउने कानुन छ। तर त्यसको कार्यान्वयनमा समेत सेभ द चिल्ड्रेन र उसको पार्टनर गैर सरकारी संस्थाहरुले चासो देखाएको छ। कमिसनको चाँजोपाँजो मिलाएर होटेलमा कार्यक्रमको फोटो सुट गर्ने र त्यही बसेर रिर्पोट बनाउने प्रवृत्तिले लक्षित समूह लाभ लिन सकिरहेको छैन। पछिल्लो समयमा सेभ द चिल्ड्रेनले निर्वाचनमा प्रयोग हुने बालबालिकाको विषयमा गोष्ठी गर्दै हिडेको छ। तर त्यसले बालबालिकाहरु चुनावमा जानबाट रोकिएको छैन। सबै दलको कार्यक्रममा बालबालिकाहरुको निर्वाध रुपमा प्रयोग हुन थालेको छ। झण्डा बोक्ने मात्र नभइ जोखिमयूक्त काममा समेत बालबालिकाहरु प्रयोग भएको देखिन्छ। सेभ द चिल्ड्रेनले धर्म परिवर्तन गराउन पार्टनर गैर सरकारी संस्थाहरुलाई प्रयोग गरिरहेको आरोप समेत लाग्ने गरेको छ । आसमान नेपालले शिक्षा र बालश्रमिक मुक्तको नारा दिएर सेभ द चिल्ड्रेनसितको सहकार्यमा करोडौँ रुपैयाँ हजम गरिसकेको छ। सेभ द चिल्ड्रेन र आसमानका पदाधिकारी र कर्मचारीहरु निकै मोटाएका छन्। तर मधेश प्रदेश अझै शिक्षामा पछाडि नै छ। अझै पनि धेरै बालबालिकाहरु विद्यालय जानबाट वञ्चित छन् । हुन त आसमान नेपालले कर्मचारीहरुलाई निर्धारित तलब भन्दा निकै कम तलब दिने गरेको आरोप लाग्दै आएको छ। त्यसकारण पनि कागजमा नै रिर्पोट तयार गरी प्रगति भएको झुठा विवरण तयार गरिन्छ। त्यसमा सेभ द चिल्ड्रेनका कर्मचारीहरुको समेत प्रत्यक्ष संलग्नता रहने गरेको बताइन्छ । सेभ द चिल्ड्रेनले एक पटक सम्पूर्ण उपलब्धि भएको पार्टनर संस्थाहरुसित रिर्पोट लिने र त्यसको केही वर्षपछि फेरि त्यही कार्यका लागि त्यही संस्थासित सहकार्य गर्दै आएको छ। चुनावमा बालबालिकाहरुलाई प्रयोग गर्न नहुने जानकारी दिन केही सरोकारवालाहरुलाई राखेर गोष्ठी गरेको ३६ घण्टा नबित्दै जनकपुरधाम उपमहानगरकै चुनावी कार्यक्रममा पर्याप्त बालबालिकाहरु सहभागी रहेको देखियो। गलत रिर्पोट बनाउने प्रवृत्ति बन्द गरिनु पर्छ।

# के बालेनको वेगलाई ओलीले निस्तेज गर्ला ?



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

जेन-जी आन्दोलनपछि हुन गइरहेको यस निर्वाचनमा विगतभन्दा फरक किसिमका चुनावी मुद्धाको उठान भएको छ। चुनावी मुद्धाद्वारा सृजित हावाले निर्वाचनको परिणामलाई पल्टिन जोडतोडका साथ प्रयासरत छन् । यसपल्ट, निर्वाचनमा छुट्टै किसिमको हावा चलेको छ । उक्त, हावालाई झन गतिशील बनाउन युवाहरु तल्लीन छन् । पूर्वी क्षेत्र झापाबाट शुरु भएको सो हावा मुलुकको चारवटै दिशामा फैलिने र अन्ततः सिँहदरवारमा पुगेर विराम लिने हो।

सामान्यतः मौसम परिवर्तनसँगै हावाको वेगको आधारमा मुशलधारे बर्षा हुने गर्छ । सो क्रममा आकास बादलले ढाकिन्छ र सूर्य एवम् तारा छोपिन्छ। मधेशमा छाताले पनि थेग्न नसक्ने र बाढीको तीव्र वेगमा ठुल्ठूला रुख बग्ने गर्छन्। हावाको प्रवल वेगमा मन्दिरको घण्टीको आवाज स्वतः सुनिन्छ। घण्टीको आवाज सीमित क्षेत्रमा मात्र कि देशभर सुनिन्छ भन्ने निक्यौंल हावाको गतिको आधारमा हुने हो । तर, बालेनले माघ ५ गते जनकपुरको जानकीमन्दिरबाट शुरु गरेको यात्रा पूर्वीक्षेत्रको देशकै प्रसिद्ध ताप्लेजुङ्गको पाथिभारा मन्दिर हुँदै भ्रमणको क्रममा मन्दिरहरु दर्शन गर्न पुग्ने गरेका छन् । मन्दिरको घण्टी आवाजप्रति आस्थावानको विश्वास छ । मन्दिरको घण्टीको आवाजलाई मतपत्रको घण्टीमा परिणतगर्ने कला बालेनले उपयोग गर्न खोजेको बुझिन्छ। यसो, उनी धर्मप्रति आस्थावान छन् भन्ने सन्देश पनि प्रवाह भएको छ।

मौसमी हावा र चुनावी हावामा सैद्धान्तिक रुपमा फरक हुन्छ। मौसमी हावाले वातावरणमा परिवर्तन गर्छ । तर, चुनावी हावाले देशको राजनीतिक वातावरणमा परिवर्तन ल्याउँछ। जुन दलको पक्षमा चुनावी हावा निर्वाचन अवधिभर गतिशील रहन्छ, सो पक्षको जितको सम्भावना अत्यधिक रहन्छ। यदि, सीमित क्षेत्रमै प्रभाव देखाए भने सत्ताको परिवर्तनको सम्भावना घटने छ। राजनीतिक हावाको पूर्वानुमान गर्ने व्यक्ति योजनाबद्ध ढङ्गले हावाको गतिलाई साम्य र अर्कोतर्फ मोडेर निस्तेज पार्न ठोस रणनीति बनाउने गर्छन्।


निर्वाचनको दिनको उल्टो गिन्ती शुरु भइसकेको छ। अव, चार साताभन्दा पनि समय छ। यो अवधिमा उम्मेद्वार र दलहरु निर्वाचनको परिणाम आफ्नो पक्षमा ल्याउन योजनाबद्ध ढङ्गले मतदातालाई आफ्नो तर्फ आकर्षित पार्न जुटेका छन्। काँग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी र मधेशमा जनता समाजवादी पार्टी, नेपाललगायतका दलसमक्ष नवयुवालाई कसरी आफ्नो पक्षमा पार्ने एक चूनौंतिको रुपमा देखिन्छ। किनभने, अधिकांस, नवयुवा र युवालगायत सर्वसाधारण मतदाताहरु परिवर्तन खोजेका छन्। सो कारणले यि दलहरु बढी ठाउँमा युवालाई चुनावी मैदानमा उतारेका छन्। दलहरु उम्मेद्वार परिवर्तन गरेर युवा जमातको चाहनाको पूर्ति गरेको दावि गरेका छन्।

अर्कोतर्फ, राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र साह पुगेको ठाउँमा युवाको भिड देखिन्छ। सर्वसाधारणमा एकपटक बालेनलाई हेर्न उत्कट चाहना राख्छन् । यो मात्र चाहना हो कि वालेनलाई प्रधानमन्त्रीको रुपमा हेर्न खोजिएको भन्ने विषयमा मुलुकको समग्र मतदानकेन्द्रको नतिजाबाट थाहा हुने हो। अहिलेको अवस्थामा बालेनमा युवा जमातलाई आफ्नो पक्षमा उतार्ने क्षमता छ भन्ने बुझिन्छ।

नेकपा (एमाले) बालेनप्रति अन्य दलको तुलनामा बढी आक्रामक छन् । बालेन्द्रले एक उद्योगपतिको आठ करोड मूल्यको गाडीमा चढेर पूर्वी क्षेत्रमा भ्रमण गरेको विषयलाई व्यापक रुपमा एमालेले उठाएको थियो । सामाजिक सञ्जालमा बालेनपक्ष र विपक्षबीच चर्काचर्की शुरु भयो । जो अहिलेपनि जारी छ। वस्तुतः बालेनको गतिविधिप्रति खासगरी, एमाले पार्टी कडा नजर राखेका छन्। तर, उनी उत्साहका साथ देश दौंडाहामा छन्।

### ओलीको रणनीति

झापा-५मा बालेनले ओलीले कडा रुपमा चूनौंति दिएका छन्। ओलीसमक्ष आफूसहित पार्टीका उम्मेद्वारलाई पनि जिताउने चिन्तापनि छ। हुन त, सबै पार्टी सवै दल सोही दृष्टिकोण राख्ने गर्छन्। अहिले, केपि शर्मा, ओली बालेनको नामको हावाको गतिलाई निस्तेज पार्न रणनीति बनाउन जुटेका छन्। विगतको निर्वाचनजस्तै पुराना दलबीच चुनावी तालमेलका लागि प्रयास थालेका छन्। संविधान जारीपछि प्रमुख दलहरु निर्वाचनमा गठबन्धनगर्ने परिपाटी बसाएका थिए । यसपल्ट, प्रमुख दलहरु एक्लाएक्लै चुनावी मैदानमा छन् । ओलीले नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालका साथै काँग्रेससँग पनि तालमेलका लागि छलफल शुरु गरेको चर्चा छ । विगतको निर्वाचनजस्तै चुनावी गठबन्धन हुन नसकेपनि व्यवहारिक रुपमा केही महत्वपूर्ण नेताका लागि तालमेल हुने देखिन्छ । अर्कोतर्फ, बालेनको देश दौंडाहाको क्रममा कतै कुनै गल्ति भएको छ भने उनको विरुद्ध अस्त्रको रुपमा प्रयोग गर्ने रणनीति त छदैंछ।



### बालेनको रणनीति

निर्वाचनमा उम्मेद्वारहरु आफ्नो बोल्ने शैलीका साथै मतदाताको मन जित्न विभिन्न किसिमका वाचा गर्छन् । त्यहीँ वाचा पुरा नभएपछि जनतामा असन्तुष्टि विष्फोटको रुपमा परिणत हुने गर्छ। बालेन छोटो समयमैं कतिपय जिल्लाको भ्रमण गरी पुनः पूर्वी क्षेत्रमा केन्द्रीत भएका छन् । उनी मौंन छन् । साङ्केतिक रुपमा घण्टी हल्लाएर मत माग्ने गर्छन् । यो उनको चुनावी रणनीति हो । उनले सार्वजनिक रुपमा मौंनता ग्रहण गरी साङ्केतिक रुपमा चुनाव प्रचारमा जुटेका छन् । बर्षौदेखि नेताहरु सार्वजनिक अभिव्यक्ति दिने गर्छन् । जनताबाट फुलको माला पहिरिएर सम्मान पाउँछन् । अविरले अनुहार रङ्ग गिएको हुन्छ । बालेन कतै स्वागतको प्रलोभनमा नपरी मतदाता कसरी आकर्षित हुने छुट्टै किसिमका रणनीति अपनाएका छन्। उनी मन्दिर पुग्छन्। वितेको बुधवार बराह क्षेत्र पछि अरुण र तमोरको त्रिवेणीमा रहेको 'खुवालुङ' पुगेका थिए। किराँत धर्मालम्बीको मुन्धुम र सभ्यतासँग जोडिएको एउटा जीवित आस्था हो, खुवालुङ। उक्त, खुवालुङलाई तत्कालीन प्रधानमन्त्री ओलीले पानीजहाज चलाउन बाधा पुगेकाले भत्काउने अभिव्यक्ति दिएका थिए । किरँत धर्मालम्बीलगायतले कडा आपत्ति प्रकट गरेका थिए । ओलीले विगतमा दिएका अभिव्यक्तिको जवाफको रुपमा बालेनको उक्त भ्रमणलाई सो रुपमा अर्थ्याइएको छ।

### चर्चित नेताको निर्वाचन क्षेत्र

केपि ओली र बालेन्द्र साहको एउटै निर्वाचन क्षेत्र भएकाले सवैको ध्यान तान्नु स्वभाविक हो । ओलीकै घरमैं आएर बालेनले चूनौंति दिएकाले उनी निर्भिक नेताको रुपमा पहिचान बनेको हो । यद्यपि, काठमाडौंको मेयर हुँदा पनि उनले आटिँला निर्णय लिएर कार्यान्वयन गरेका थिए । प्रधानमन्त्रीका दावेदार भएकाले सवैभन्दा सुरक्षित क्षेत्रबाट चुनाव लड्नुपर्ने थियो भने कतिपयले तर्क दिने गर्छन् । तर, बालेनले ओलीविरुद्ध उम्मेद्वारी दिएर रास्वपाको पक्षमा अहिले चुनावी लहर निर्माण गराएको देखिन्छ । अन्य क्षेत्रबाट बालेन उम्मेद्वारी दिएको भए, उनी ओलीविरुद्ध लड्न डराए भन्ने सन्देश प्रवाह हुने थियो । एमालेले बालेन हारबाट तर्सिएर विगतमा गरेका घोषणाबाट पल्टिएको भन्ने प्रचार गर्ने थियो। बालेनले केही महिनाअघि ओलीविरुद्ध लड्ने घोषणा गरेका थिए।

### गगनपनि प्रधानमन्त्रीको दावेदार

निर्वाचनपछि, प्रधानमन्त्री बन्ने दौंडमा बालेन, केपि ओलीपछि गगन थापा पनि छन् । बालेनले काठमाडौंबाट नउठिकन झापा-५बाट चुनाव लड्न आँट गरे । तीन पटक काठमाडौं-४बाट निर्वाचित भएको र निर्वाचनकै मुखमा पार्टीको सभापति बनेपछि पनि गगन आफ्ना निर्वाचन क्षेत्रबाट चुनाव लड्न आँट किन गरेनन् ? यो प्रश्न त उठ्छ नै । के गगनले सो क्षेत्रमा जनविश्वास गुमाइसकेका थिए ? के पार्टी सभापति बनेपछि गगन मधेशलाई आफ्नो राजनीतिको केन्द्रविन्दु बनाउन खोजेको हो ? के प्रचण्डजस्तै मधेशसँग 'लभ' परेको त होइन् ? के प्रधानमन्त्री बन्ने सपना देखाएर सर्लाही-४का जनताले विश्वास गरेर चुनाव जिताइ दिन्छ त ?

काँग्रेस केन्द्रीय समितिले उनलाई प्रधानमन्त्री पदको उम्मेद्वारको रुपमा घोषणा गरेका हुन्। २०५६ सालमा पार्टी सभापति गिरिजाप्रसाद कोइरालाले जनकपुरधामको तिरहुतियागाछिमा आयोजित काँग्रेसको आमसभाबाट कृष्णप्रसाद भट्टराईको उपस्थितिमा 'भट्टराई'लाई प्रधानमन्त्रीको उम्मेद्वार घोषणा गरेका थिए। अहिले गगन थापा पार्टी सभापति हुन् । उनलाई नै प्रधानमन्त्री बनाउने घोषणा भएको हो । काँग्रेसका नेता विश्वप्रकाश शर्माले भट्टराईको उदाहरण दिने गर्छन्। के सन्त नेता भट्टराईजस्तै छवि गगनको पनि छ त ? के गिरिजाबावुजस्तै सङ्गठनमा पकड राख्ने सभापति 'गगन' हुन त ? आफूलाई युवा नेता सुन्न मन पराउने गगन थापा के बालेनभन्दा बढी लोकप्रिय युवा जमातमा छ त ? यावतका प्रश्नहरु गगनको वरिपरी घुमिरहेका छन् । यसको जवाफ आफ्नो जितका साथ देशभरमा काँग्रेसलाई एकसय सिटभन्दा बढी जिताउनु पर्छ। शेरबहादुर देउवाको सभापतित्वमा पार्टीले २०७९मा ठूलो पार्टी बनेको थियो। यदि, विगतको निर्वाचनभन्दा धेरै कम सिटमा काँग्रेसको जित भयो भने उनको सभापति पदमाथि अनेकौं प्रश्न उठनेछ । सो कारणले बालेनजस्तै गगनलाई पनि देश दौंडाहामा निस्कनुपर्छ।

सो निर्वाचन क्षेत्रबाट २०७४ मा काँग्रेसको टिकटबाट अमरेशकुमार सिँह निर्वाचित भएका थिए। २०७९मा पार्टीले उनको टिकट खोसेपछि सिँह स्वतन्त्र उम्मेद्वारको रुपमा निर्वाचित भएका थिए। तेस्रोपटक पनि जित हात पार्न उनले राष्ट्रिय स्वतन्त्र पार्टीबाट उठेका छन् । अर्कोतर्फ, जसपा नेपालले पूर्वमन्त्री रामेश्वरराय यादवलाई उम्मेद्वार बनाएका हुन् । उक्त क्षेत्रमा त्रिकोणात्मक टक्करमा गगनले कोसँग प्रतिस्पर्धा गर्ने हो ? सो क्षेत्रमा गगनसँग होईन कि गगनले ति दुईसँग प्रतिस्पर्धा गर्ने हो । सन्देश स्पष्ट छ।

### के डा. शेखरको प्रधानमन्त्री बन्ने सम्भावना छ ?

राजनीति सोझो रेखामा चल्दैन्। धेरै टाढाको कुरा नगरौं। निर्वाचनको तिथि घोषणापछि नेपाली काँग्रेसले समानुपातिक उम्मेद्वारको सूचीमा शेरबहादुर देउवाले पार्टी सभापतिको हैसियतमा हस्ताक्षर गरी निर्वाचन आयोगमा पेश गरेको थियो । माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचनका लागि देउवाकै सिफारिसमा उम्मेद्वारी दर्ता भएको थियो । दुई साता नवित्दै काँग्रेसमा विशेष अधिवेशनको वलमा गगन पार्टी सभापति भए । त्यसपछि, पार्टीबाट प्रतिनिधिसभा सदस्यको उम्मेद्वारीपत्रमा गगनले हस्ताक्षर गरेका हुन् । गगनलाई केन्द्रीय समितिले प्रधानमन्त्रीको उम्मेद्वारको घोषणा गरेपनि संसदीय दलको नेता बन्न लोकतान्त्रिक विधि अपनाउनु पर्छ। यदि, डा. शेखरले २०७९मा गगनजस्तै प्रतिस्पर्धा गऱ्यो भने प्रतिनिधिसभा सदस्यको बहुमतको आधारमा संसदीय दलको नेताको छनोट हुनेछ। राष्ट्रिय स्वतन्त्र पार्टीले बहुमत ल्याउन नसकेको अवस्थामा पुनः पुरानो खेल शुरु हुने सम्भावना छ । त्यसपछि, काँग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी र जसपा नेपालवीच सरकार बनाउनका लागि गठबन्धन हुने देखिन्छ । यदि, काँग्रेसको नेतृत्वमा सरकार गठन भयो भने कसको पक्षमा समर्थित दलको चाहना छ, त्यो पनि महत्व राख्छ। यस्तो अवस्थामा डा. शेखर मोरङ-६बाट निर्वाचित भयो भने प्रधानमन्त्री बन्ने प्रवल सम्भावना छ।

### तीन पूर्वप्रधानमन्त्री उम्मेदवार

यसपल्टको निर्वाचनमा तीन जना पूर्व प्रधानमन्त्री ओली, माधवकुमार नेपाल र प्रचण्ड चुनावी मैदानमा छन् भने शेरबहादुर देउवा, झलनाथ खनाल र डा. बाबुराम भट्टराई चुनावी मैदानमा उत्रेनन् । भट्टराईले गोरखा-१बाट उम्मेद्वारी दर्ता गराएपनि पछि उनले फिर्ता लिएका हुन्। तीन प्रधानमन्त्री निर्वाचनमा प्रत्यक्ष रुपमा सहभागी भएनन् । नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल रुकुम पूर्वबाट चुनावी मैदानमा छन्। उनी २०६४पछि निर्वाचन क्षेत्र फेरिने गरेका हुन्। २०६४ सालको पहिलो संविधानसभाको निर्वाचनमा रोल्पा-२ र काठमाडौं-१०बाट उम्मेद्वार बनेका थिए। २०७० को निर्वाचनमा काठमाडौ-१० र सिरहा-५बाट, २०७४को निर्वाचनमा चितवन-३ बाट र २०७९मा उनी गोरखा-२बाट उम्मेद्वार बनेका थिए। यसपल्ट, रुकुम पूर्वबाट चुनावी मैदानमा छन्। 'इतिश्री'

# देश जोड्दै क्रिकेट



**धर्मेन्द्र झा**

सन्दर्भ, टि टवेन्टी विश्वकप क्रिकेट प्रतियोगितामा नेपालको तेस्रो पटकको सहभागिता । निश्चय पनि नेपाल र नेपालीका लागि यो सन्दर्भ ठूलो उपलब्धि र महत्वको कुरा हो । भारत र श्रीलङ्कामा हुने विश्वकपका खेलहरुको प्रारम्भ शनिबार भएको छ। कोलम्बोमा पाकिस्तान र नेदरल्याण्डबीच पहिलो खेलसँगै सुरु भएको यस प्रतियोगिताको दोस्रो दिन अर्थात् आइतबार (फेब्रुअरी ८)को खेल भारतको मुम्बइस्थित प्रसिद्ध वानखेडे रङ्गशालामा नेपाल र बलायतबीच हुँदैछ । नेपालले आफ्ना सबै खेल यसै रङ्गशालामा खेल्नेछ।

यो यस्तो अवसर हो, जसप्रति सम्पूर्ण देशवासीहरूले समानरुपले खुशियाली माइरहेका छन्। केही सम्बद्ध व्यक्तिका अनुसार अहिले नेपालमा टेलिभिजनको बिक्री बढेको छ भने घरमा भएको टेलिभिजनमा क्रिकेट हेर्न सकिने प्रविधिको जोहो गर्नेको सङ्ख्या पनि अत्यधिक छ। यस्तै विभिन्न ठाउँमा विश्वकपअन्तर्गतका नेपालको खेल हेर्न ठूला टेलिभिजन जडान गर्ने कार्यले पनि तीव्रता पाएको छ। झट्ट हेर्दा यी कार्य खासै विचार गर्न योग्य नहुन पनि सक्छन् तर मिहीन ढङ्गले विश्लेषण गर्ने हो भने यसको निकै ठूलो भावनात्मक महत्व छ। एक समय थियो, जब नेपाललाई क्रिकेटले छुने गरेको थिएन।

खेलकुदसँग सम्बद्ध नेपालको पहिलो संस्था निर्माण गर्न सफल नेपाली क्रिकेट 'राष्ट्रिय' हुन निकै वर्ष लाग्यो । तर जब यो खेलले राष्ट्रिय स्वरूप ग्रहण गर्न सक्यो, यसप्रतिको आकर्षणमा अत्यधिक वृद्धि भयो । यो आकर्षणमा यति वृद्धि भयो कि आज नेपाली क्रिकेटका दर्शक र प्रशंसक विश्वव्यापी रुपमा चिनिन थालेका छन्। यसको प्रभाव वान्खेडेमा पनि पर्ने निश्चित छ। ठूलो सङ्ख्यामा नेपाली क्रिकेटप्रेमी यस पटक मुम्बई पुग्नेछन् सञ्चार माध्यममार्फत सार्वजनिक जानकारीअनुसार त नेपालको खेल हुने दिनका रङ्गशालाका सबै सिटका टिकट बिक्री भइसकेका छन्। महत्वपूर्ण कुरा त के भने यसरी विश्वमा चर्चित भएका नेपाली क्रिकेटप्रेमीहरु कुनै खास जात, वर्ग, समुदाय, भूगोल र धर्मका छैनन् । सबैथरि छन् । यसैले पनि क्रिकेटले वास्तवमा 'राष्ट्रिय' स्वरुप ग्रहण गरेको स्वीकार गर्न सकिन्छ।

पछिल्लो समयमा यसको महत्व नेपालको राष्ट्रियता प्रवर्द्धनसँग जोडिएको छ भनेर भनियो भने अनुचित हुने छैन। विभिन्न देशमा राष्ट्र जोड्ने राष्ट्रियताका विविध प्रतीकलाई आमजनताले स्वीकार गरेका हुन्छन्। दक्षिण एसियाली देशहरु भारत, पाकिस्तान र श्रीलंकामा अन्य धेरै यस्ता प्रतीक छन्, एक प्रतीक भने क्रिकेट पनि हो। यस्तै राष्ट्र जोड्ने एक प्रतीकका रुपमा नेपालमा पनि क्रिकेटप्रतिको स्वीकृतिमा बढोत्तरी भएको पाउन सकिन्छ। नेपालमा पञ्चायतकालमा राष्ट्रियताका अनेक प्रतीकको विकास गर्न खोजियो । यसमा टोपी, झण्डा, गाई आदि प्रमुख थिए। यस्तै प्रतीकका रुपमा सगरमाथालगायतका हिमालहरुको पनि प्रयोग गर्ने गरेको पाइन्छ तर वास्तवमा विश्लेषण गर्ने हो भने यीमध्ये कुनैले पनि राष्ट्रिय रुपमा आम स्वीकृति प्राप्त गर्न सकेनन्, हाम्रो यथार्थ यही हो, स्वीकार्नै पर्छ। यसका अतिरिक्त राष्ट्रियताको प्रतीक बन्नसक्ने सम्भावना रहेको बुद्ध, जानकीलगायतलाई विगतमा खासै महत्व दिइएको पाइएन। अचम्म छ, विगतमा क्रिकेटलाई जहिले पनि विदेशीको खेल भनेर पन्छाइयो र फुटवललाई अन्तरराष्ट्रिय खेलका रुपमा स्वीकार गरियो। फुटबलमा त लगानी पनि निकै ठूलो गरिएको हो तर खासै उपलब्धि प्राप्त हुन सकेन। यसविपरीत क्रिकेटमा जनस्तरको रुचि र लगानी रह्यो । प्रतिफल अहिले प्राप्त भइरहेको छ, कुनै न कुनै रुपमा यो राष्ट्रियताको प्रतीक बन्दैछ र आम नेपालीबाट स्वीकृति पाउँदैछ।





वास्तवमा राष्ट्र निर्माण एक प्रक्रिया हो जो कुनै न कुनै रुपमा सधैँ नै निरन्तर जारी रहन्छ। राष्ट्र निर्माणलाई सुक्ष्मरुपमा बुझ्ने प्रयत्न गर्ने हो भने यसलाई दुईवटा सन्दर्भमा हेर्न सकिन्छ। पहिलो, समग्रमा राष्ट्र निर्माण (बन्ने) हुने कुरा र दोस्रो, निर्माण भइसकेको राष्ट्रलाई समुन्नत र समृद्ध बनाउने कुरा। तर उपयुक्त दुवैमा एउटा कुराको समानताको अपेक्षा गरिन्छ । त्यो के भने त्यहाँ बसोवास गर्ने जनताको इच्छा-आकांक्षा, समाज, धर्म-संस्कृति, भाषा-साहित्य आदिको समान स्वीकृति र प्रस्फूटनको अवस्था निर्माण हुनु अपेक्षित हुन्छ। राष्ट्र निर्माणको सम्बन्ध खास भूगोलको राष्ट्रियतासँग छ। यी विषयहरु तिनले निर्माण गर्न चाहेको तिनका राष्ट्र निर्माण पहिचानसँग पनि सम्बन्धित छन् र यसको निर्माणका लागि राज्यको शक्ति प्रयोग हुने वा गर्ने सोच निहीत हुन्छ। यस दृष्टिले पनि क्रिकेट महत्वपूर्ण छ। अर्कोतर्फ, राष्ट्र निर्माणको सम्बन्ध आर्थिक र भौतिक विकास तथा त्यस्ता विकासमा सबैको सहभागिता एवं प्रतिफलको उचित र समान सदुपयोगसँग पनि छ। त्यस्तै मानवअधिकारको प्रत्याभूति र संरक्षणसँग पनि राष्ट्र निर्माणको सन्दर्भ जोडिएको हुन्छ । यसरी हेर्ने हो भने हामीकहाँ माथि उल्लेख गरिएजस्तै राष्ट्र निर्माणको दुवै सन्दर्भको उपस्थिति रहेको पाउन सकिन्छ। यसै आधारमा कतिपयले नेपाल अझै राष्ट्र निर्माणको प्रक्रियामै रहेको भन्ने गरेका छन्।

यस विश्लेषणका आधारमा, विद्वान् पौल जेम्सको भनाइसँग सहमति जनाउन सकिन्छ। उनले राष्ट्र निर्माणलाई राष्ट्रको संरचना वा गठन पनि भनेका छन् । उनका अनुसार बृहत् प्रक्रियाहरुका माध्यमबाट राष्ट्र बन्छ । राष्ट्र निर्माणको लक्ष्य राज्यभित्र जनताहरुको एकीकरण हो यसबाट अगाडिका दिनमा राज्यले राजनीतिक रुपमा स्थायित्व र सक्षमता प्राप्त गर्दछ। निष्कर्षमा भन्ने हो भने राष्ट्र निर्माणका लागि जनताको एकीकरण, विविध विचार, दृष्टिकोण, सिद्धान्त र आदर्शको स्वीकारोक्ति र समावेशीकरण, छरिएर रहेका समाजलाई समेटी एकीकृत समाज निर्माण र क्रियाशील राज्य संयन्त्रको उपस्थिति आवश्यक हुन आउँछ।

राष्ट्र निर्माता राष्ट्र निर्माणको महत्वपूर्ण अवयव हो भनेर स्वीकार गरिरहँदा यसलाई बुझ्ने दृष्टिकोणमा व्यापकता अपरिहार्य छ। सामान्यतया राष्ट्र, राज्य र देशलाई हामीकहाँ एकै अर्थमा बुझ्ने गरिन्छ जो धेरै हदसम्म दोषपूर्ण छ। यी तीनै शब्दलाई एकअर्काको पर्यायवाचीका रुपमा बुझ्ने प्रयत्न गर्दा समग्र राष्ट्र निर्माता र राष्ट्र निर्माणको प्रक्रिया नै दोषपूर्ण रुपमा अपव्याख्या हुने खतरा रहन्छ। हामी कुनै न कुनै रुपमा यस्तै खतरासँग पौंठाजोरी खेलिरहेका छौँ। वास्तवमा राष्ट्र, राज्य र देश फरकफरक अर्थमा उभिएका फरकफरक शब्द हुन्। राष्ट्र सांस्कृतिक एकाइ हो। यस्तै राज्य प्रशासनिक र राजनीतिक एकाइ हो भने देश भौगोलिक एकाइ हो। अङ्ग्रेजीमा यी तीनवटै शब्दको अनुवाद क्रमशः नेशन, स्टेट र कन्ट्री हो। यस आधारमा राष्ट्र निर्माणलाई बुझ्ने प्रयत्न गर्ने हो भने एउटा राजनीतिक भौगोलिक सीमाभित्र सांस्कृतिक रुपमा जनता (राष्ट्र निर्माता)लाई प्रशासनिक र राजनीतिक रुपमा आबद्ध वा एकीकृत गर्ने प्रक्रियासँग सहमति जनाउन सकिन्छ। यसमा निश्चित भूगोलभित्र सबै जनताको समान सहभागितामा तिनको भावनाको सम्मान गर्ने कुरालाई महत्व दिइन्छ र यसमा कानुनी रुपमा राज्यले अर्थात् प्रशासनिक एकाइले आवश्यक बन्दोवस्त मिलाउने अपेक्षा गरिन्छ।

यसको सोझो अर्थ के बुझिनुपर्छ भने देशका रुपमा विकसित भूगोलमा विविध इतिहास, संस्कृति, मूल्यमान्यता, विश्वास, आदर्श हुन सक्छन् । राष्ट्र निर्माणमा यी सबैको समाहितीकरण आवश्यक हुन्छ, जसले समग्र राष्ट्र निर्माताको निर्माण र प्रवर्द्धन गर्ने विश्वास गरिन्छ। यसो हुनसके देशप्रति सबैको अपनत्वभावमा अभिवृद्धि हुन्छ र देशले सिङ्गोस्वरुप ग्रहण गर्न सम्भव हुन्छ। संक्षेपमा यही प्रक्रिया राष्ट्र निर्माण हो, जसको नेतृत्व राज्यले गर्ने अपेक्षा गरिन्छ।

राष्ट्र निर्माणका सन्दर्भमा थुप्रै अवयवहरुले जोड्ने र तोड्ने तत्वका रुपमा भूमिका निर्वाह गरिरहेका हुन्छन्। यीमध्ये कतिपय सुशुप्त हुन्छन् भने कतिपय जाग्रत। यीमध्ये कतिपय तत्वले कुनै सन्दर्भमा जोड्ने र कुनै सन्दर्भमा तोड्ने तत्वका रुपमा भूमिका निर्वाह गरिरहेका हुन्छन्। भाषा, प्रतीक, चिह्न, झण्डा, सिद्धान्त, आदर्श, विचार, संरचना आदि यस्तै तत्व वा माध्यम हुन् । कतिपय अवस्थामा यो बोधगम्य हुन्छ भने कतिपय अवस्थामा बोधगम्य हुँदैन । यस्तै एक सशक्त माध्यम हो, खेलकुद । राष्ट्र निर्माणका सन्दर्भमा खेलकुदले प्रायः सधैँ जोड्ने तत्वका रुपमा नै भूमिका निर्वाह गरिरहेको मान्न सकिन्छ।

नेपालका सन्दर्भमा पछिल्लो दिनमा क्रिकेटले पनि जोड्ने भूमिका निर्वाह गरिरहेको छ भन्दा अतिशयोक्ति ठहरिँदैन । यसको पछिल्लो सशक्त उदाहरणका रुपमा वानखेडेमा विश्कप खेल्ने समग्र नेपाली क्रिकेट टिमलाई लिन सकिन्छ। यो टिम सामाजिक, सांस्कृतिक, भाषिक, भौगोलिक रुपमा समावेशी छ । नेपाली क्रिकेटले सम्पूर्ण देशवासी समान रुपले माया पाउनुको एउटा कारण सायद नेपाली क्रिकेटको समावेशी स्वरुप पनि हो । वास्तवमा, माथि जसरी चर्चा गरियो, नेपाल अहिले राष्ट्र बन्ने क्रममा छ । यस सन्दर्भमा यहाँ हामीले थुप्रै तत्वलाई राष्ट्र जोड्ने तत्वका रुपमा विकसित गर्न सक्नुपर्छ। राज्यको भूमिका यहाँनिर महत्वपूर्ण हुन्छ। क्रिकेट उदाहरण हो, यसरी नै राज्यका अन्य पक्ष पनि पूर्ण समावेशी हुनसके देश निर्माणको प्रक्रिया सकारात्मक रुपमा प्रभावित हुन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन । (लेखक राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष हुनुहुन्छ)

## प्रतिनिधिसभा निर्वाचनः

# नयाँ दलको प्रभावले पाँचथरमा बदलिएको प्रतिस्पर्धा




काठमाण्डु । एक मात्रै प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र रहेको पाँचथरमा नयाँ दलहरुको प्रभावले आगामी निर्वाचनको प्रतिस्पर्धालाई रोचक बनाएको छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य पदको निर्वाचनका लागि पाँचथरमा १५ राजनीतिक दलका उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । मतदातामाझ नयाँ राजनीतिक दलहरुको बढ्दो प्रभावले प्रतिस्पर्धालाई बहुपक्षीय बनाउने सङ्केत गरेको छ । पाँचथरमा नेपाली कांग्रेसका नरेन्द्रकुमार केरुङ, नेकपा (एमाले) का अइन्द्रसुन्दर नेम्बाङ, नेपाली कम्युनिष्ट पार्टीका हर्कबहादुर नेम्बाङ, राष्ट्रिय स्वतन्त्र पार्टीका महेन्द्रविक्रम थाम्सुहाङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका तेजकुमार कुरुम्बाङ र जनता समाजवादी पार्टी नेपालका मचिन्द्रप्रसाद बेघा चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ ।

यस्तै प्रगतिशील लोकतान्त्रिक पार्टीका प्रकाश काफ्ले, श्रम संस्कृति पार्टीका हस्तराज शेर्मा, नेपाल मजदुर किसान पार्टीका लक्ष्मुन तामाङ, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का विजय नेम्बाङ, मङ्गोल नेसनल अर्गनाइजेसनका रामकुमार तुम्रोक, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका भानुभक्त फियाक, नेपाल जनमुक्ति पार्टीका नरेन्द्रप्रसाद कुरुम्बाङ, राष्ट्रिय परिवर्तन पार्टी उज्यालो नेपाल पार्टीबाट संयुक्त रुपमा टेकबहादुर सुब्बा र राष्ट्रिय मुक्ति पार्टी नेपाल (एकल चुनाव चिह्न) का मित्र लिङ्देन चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ ।

विसं २०७९ मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पाँचथरमा रोमाञ्चक प्रतिस्पर्धाबाट नेकपा (एमाले) का वसन्तकुमार नेम्बाङ विजयी हुनुभएको थियो । नेम्बाङ र कांग्रेससहितको तत्कालीन गठबन्धनका उम्मेदवार भीष्मराज आङ्देम्बेले प्राप्त गरेको मतको अन्तर केवल ४६ मात्रै थियो । नेम्बाङले ३२ हजार १३५ मत प्राप्त गर्दा आङ्देम्बेले ३२ हजार ८९ मत पाउनुभएको थियो ।

उक्त निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीका कमलबहादुर चेम्जोङले एक हजार ५७८ मत, जनता समाजवादी पार्टी नेपालका प्रेमराज लावतीले एक हजार २७४ मत र सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका जसबहादुर योङहाङले एक हजार ११ मत पाउनुभएको थियो । अन्य उम्मेदवारले एक हजारभन्दा कम मात्रै मत पाउनुभएको थियो ।

उक्त निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ समेत पाँचथरमा एमाले पहिलो पार्टी बनेको थियो । एमालेले २६ हजार ५९२ मत प्राप्त गर्दा कांग्रेसले १९ हजार ४४ मत, तत्कालीन नेकपा (माओवादी केन्द्र)ले १२ हजार १६९ मत, तत्कालीन नेकपा (एकीकृत समाजवादी)ले तीन हजार ३८७ मत, राप्रपाले दुई हजार ४४२ मत, राष्ट्रिय स्वतन्त्र पार्टीले एक हजार ९४८ मत, जसपा नेपालले एक हजार ७११ मत र सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले एक हजार ६४० मत पाएका थिए ।

सङ्घीय व्यवस्था लागू भएपछिका दुवै निर्वाचनमा एमालेका नेम्बाङ र कांग्रेसका आङ्देम्बेको प्रतिस्पर्धाले धेरै मतदाता उहाँहरुकै प्रभावमा देखिन्थे । तर बिरामी परेर उपचाररत नेम्बाङ र समानुपातिक बन्दसूचीमा रहनुभएका आङ्देम्बेको प्रतिस्पर्धात्मक उपस्थिति नहुँदा मतदाताको रुझान कुन दल र उम्मेदवारतर्फ हुन्छ भन्ने यकिन हुन चुनावी परिणाम पर्खनै पर्ने अवस्था बनेको छ ।

पाँचथरमा २०७४ साल र २०७९ सालको निर्वाचनमा पहिलो दल बनेको एमालेलाई आफ्नो विरासत जोगाइ राख्नुपर्ने चुनौती छ । विसं २०७९ मा गठबन्धनका उम्मेदवारलाई पराजित गरेको एमाले आफ्नो मत कायम गराउन लागिपरेको देखिन्छ । दुवै पटक कुनै पनि उम्मेदवारलाई विजयी गराउन नसकेको कांग्रेस यस पटक जित निकाल्ने ध्याउन्नमा छ । विशेष महाधिवेशनबाट पाएको ऊर्जालाई कांग्रेसले मतदातामाझ पुऱ्याउने प्रयास गरिरहेको छ । तत्कालीन माओवादी केन्द्र र एकीकृत समाजवादीको एकतापछि पाँचथरमा नेपाली कम्युनिष्ट पार्टी पनि प्रतिस्पर्धी शक्तिका रुपमा स्थापित भएको छ । कतिपय पहिचान पक्षधर व्यक्तिलाई पनि समेट्न सफल भएका कारण नेकपा उत्साहित देखिन्छ ।

तर पाँचथरमा मुख्यगरी राष्ट्रिय स्वतन्त्र पार्टी, श्रम संस्कृति पार्टी र उज्यालो नेपाल पार्टी एवं राष्ट्रिय परिवर्तन पार्टीले मुख्य दलहरुलाई चुनौती दिइरहेका छन । यी दलका तीन उम्मेदवारले मुख्य तीन दलकै मतदातालाई क्रमशः प्रभावित गरिरहेका छन् । तीनवटै दलले चुनाव जित्ने दाबीसहित चुनाव प्रचारसँगै गाउँगाउँमा सङ्गठन निर्माण गरेपछि मुख्य दलको वास्तविक शक्ति यकिन हुन सकेको छैन ।

नयाँ दलको प्रभावले दबावमा परेका मुख्य दलसहित सबै दलका उम्मेदवार मतदाता भेट्न गाउँगाउँ पुगिरहेका छन् । वडा, टोल तथा बस्तीसम्म पुगेर उम्मेदवारले चुनावी माहौल तयार गरिरहँदा मतदाता पनि मतदानका लागि उत्साहित बन्न थालेका छन् । पाँचथरमा एक लाख ४३ हजार ४०८ मतदाता रहेका छन् । पुरुष मतदाता ७६ हजार ७८ र महिला मतदाता ६७ हजार ३३० रहेका छन् ।रासस

## प्रतिनिधिसभा निर्वाचन :

# मकवानपुर १ मा पुराना अनुभवी र नयाँ पुस्ताका उम्मेदवारबीच रोचक प्रतिस्पर्धा



बागमती । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनको मिति नजिकिँदै जाँदा मकवानपुर क्षेत्र नम्बर १ मा चुनावी माहोल तीव्र बन्दै गएको छ । पटकपटक चुनावी प्रतिस्पर्धा गरेका पुरानो अनुभवी नेतासँगै नयाँ युवा पुस्ताका उम्मेदवारहरू चुनावी प्रतिस्पर्धामा उत्रिएपछि यस क्षेत्रको चुनावी माहोल रोचक बनेको छ । यस क्षेत्रमा विभिन्न राजनीतिक दलका १३ र स्वतन्त्र १० गरी २३ जना उम्मेदवारहरू चुनावी प्रतिस्पर्धामा छन् ।

यो क्षेत्रमा नेपाली कांग्रेसबाट महालक्ष्मी उपाध्यय (डिना), नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट रामेश्वर राना, नेपाली कम्युनिष्ट पार्टीबाट विजय गौतम, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दीपकबहादुर सिंह, राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रकाश गौतम, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट तेजप्रसाद उप्रेती, श्रम संस्कृति पार्टीबाट विद्या श्रेष्ठ महर्जन, उज्यालो नेपाल पार्टीबाट सुरेन्द्र लामा चुनावी मैदान छन् ।

नेपाल मजदुर किसान पार्टीबाट रञ्जना सुवाल, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट महेश नेपाली, जनता समाजवादी पार्टी नेपालबाट रूपक लामा, जनता समाजवादी पार्टीबाट दीपक सिंतान र मङ्गोल नेशनल अर्गनाइजेशनबाट युवराज लामा चुनावी प्रतिस्पर्धामा छन् । स्वतन्त्र रूपमा राकेशकुमार शर्मा, अमिक परियार, राजाराम बोगटी, मठु पुलामीमगर, अमर दङ्गाल, टीकाप्रसाद चौलागाईं, सुशीला सुवेदी, ज्ञान सागर लामा र राजकुमार खड्का चुनावी प्रतिस्पर्धामा छन् ।

यीमध्ये केही पुराना र लामो राजनीतिक अनुभव भएका पाका उम्मेदरवार छन् भने केही नयाँ युवा उमेरका उम्मेदवार छन् । उम्मेदवार हरूमध्ये कांग्रेसका उपाध्याय र राप्रपाका सिंह पाँचौँ पटक चुनावी प्रतिस्पर्धामा उत्रेका हुन् । मकवानपुर क्षेत्र नम्बर १ मा पर्ने हेटौँडा उपमहानगरपालिकाको नगरप्रमुख पदका लागि २०७४ र २०७९ को निर्वाचनमा प्रतिस्पर्धा गरेका राप्रपाका सिंह अघिल्लो २०७९ को निर्वाचनमा यही क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । कांग्रेसका उपाध्याय प्रतिनिधिसभा भने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा प्रतिस्पर्धा गर्दै आएपनि हालसम्म सफल हुन सक्नुभएको छैन ।

एमालेका राना, नेकपाका विजय गौतम र रास्वपाका प्रकाश गौतम पहिलो पटक प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवार बनेका हुन् । तत्कालीन जिल्ला विकास समिति मकवानपुरका सभापति भइसक्नुभएका एमालेका राना पाका उमेरका अनुभवी नेताको रूपमा चिनिनुहुन्छ । उम्मेदवारी दर्ता गराएसँगै यति बेला उम्मेदवारहरू आफ्ना एजेण्डा बोकेर मतदाताको घरदैलोमा पुग्न थालेका छन् । यो क्षेत्रमा हेटौँडा उपमहानगरपालिकाको १५ वटा वडा, मकवानपुरगढी गाउँपालिका चार वटा वडा, बागमती गाउँपालिका र बकैया गाउँपालिका पर्छन् ।

मकवानपुर क्षेत्र नम्बर १ मा ७९ हजार ६२१ पुरुष र ७८ हजार ८१० महिला गरी एक लाख ५८ हजार ४३५ मतदाता छन् । यस क्षेत्रमा ग्रामीण भेगभन्दा सहरी क्षेत्र बढी पर्छन् । पार्टीको सङ्गठित मत कम भए पनि अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा राप्रपाका सिंह निर्वाचित हुनुभएको थियो । अघिल्लो विसं २०७९ को प्रतिनिधिसभा निर्वाचनमा राप्रपाका सिंहले २७ हजार ८१६ मत प्राप्त गरी विजयी हुँदा कांग्रेसका उपाध्यायले २५ हजार ४३४ मत प्राप्त गर्नुभएको थियो भने एमालेको सूर्य चुनाव चिह्नबाट चुनाव लड्नुभएका तत्कालीन राप्रपा नेपालका कमल थापाले २५ हजार ४२० मत प्राप्त गर्नुभएको थियो ।

गत २०७४ र २०७९ को निर्वाचनमा सो क्षेत्रमा गठबन्धन गरेका कारण तत्कालीन नेकपा (माओवादी केन्द्र) को आफ्नो उम्मेदवार थिएनन् । तर पहिलो संविधानसभा निर्वाचनमा सो क्षेत्रबाट तत्कालीन नेकपा (माओवादी केन्द्र) का प्रेमबहादुर पुलामी (छिन्तु) र दोस्रो संविधानसभामा नेकपा (माओवादी केन्द्र) का प्रल्हाद लामिछानेले जित्नुभएको थियो । त्यसयता माओवादीले प्रतिनिधिसभामा यो क्षेत्रबाट जित्न सकेको छैन ।

कम्युनिष्ट पार्टीको गढ मानिने मकवानपुर क्षेत्र नम्बर १ मा पहिलो पटक अघिल्लो २०७९ को निर्वाचनमा गैरकम्युनिष्टले जितेको इतिहास छ । कांग्रेसले यो क्षेत्रबाट प्रतिनिधिसभा निर्वाचनमा विजयी हुन सकेको छैन । यसपटक फरक परिस्थिति र समयमा प्रतिनिधिसभा निर्वाचन हुन लागेकाले चुनाव आफूले जित्ने उम्मेदवारहरूले दाबी गर्दै आएका छन् ।

राप्रपाका उम्मेदवार सिंहले आफू तीन वर्षको छोटो कार्यकालमा हेटौँडा-काठमाडौँ जोड्ने कान्तिलोकपथ सडक विस्तार तथा दुवै साइडमा नाला निर्माणका साथै जिल्लाका शैक्षिक विकाका लागि थुप्रै योजना अघि बढाएकोले ती अधुरा योजनालाई पूरा गर्न मतदाताले यस पटक आफूलाई विजयी बनाउने दाबी गर्नुहुन्छ । "म जितेर गएपछि हेटौँडामा क्षेत्रको विकासका लागि थुप्रै योजना ल्याए, ती योजना सञ्चालनमा छ", सिंहले भन्नुभयो, "ती अधुरा योजना पूरा गर्न फेरि जनताले जिताउने छ, भन्नेमा म विश्वस्त छु ।" जितेर गएपछि यहाँको विकास र मतदाताकै बीचमा रहेर काम गरेकाले आफू जित्ने ढुक्क रहेको उहाँको भनाइ छ । आफ्नो एजेण्डा हिन्दू राज्य र सनातन धर्मको संरक्षण रहेको उहाँ बताउनुहुन्छ ।

नेपाली कांग्रेसका उम्मेदवार उपाध्यायले आफू यसै क्षेत्रमा जन्मेको र निरन्तर यहाँको जनतासँग बसेर राजनीति र सामाजिक कार्य गर्दै आएकाले जित्ने दाबी गर्नुहुन्छ । "म पटक चुनाव हारे पनि निरन्तर यहाँका जनताको बीचमा रहेर दुःख र सुखमा काम गरेकी छु", उपाध्यायले भन्नुभयो, "आफू नजिते पनि जनताका लागि काम गरेकी छु, अझ अधुरा रहेका कतिपय काम पूरा गर्नका लागि आफूलाई मतदाताले जिताउने छ ।"

विगतको निर्वाचनभन्दा यसपटक पार्टीको आन्तरिक समस्या हल भई पार्टीका नेता कार्यकर्ताहरू एकताबद्ध भएर अघि बढेकाले चुनाव जित्ने बलियो आधार बनेको उहाँको कथन छ । हेटौँडा औद्योगिक क्षेत्रको अवस्थामा सुधार गर्दै हेटौँडालाई औद्योगिक हबको रूपमा विकास गर्ने आफ्नो प्रमुख एजेण्डा भएको उपाध्याय बताउनुहुन्छ । आफू तत्कालीन जिल्ला विकास समिति मकवानपुरको सभापति भएका बेला जिल्लालाई समृद्ध बनाउन उद्योग र यातायातको क्षेत्रमा काम गरेकाले मतदाता विश्वास गरी मत दिने दाबी गर्नुहुन्छ ।

"म जिल्ला विकासको सभापति हुँदा मैले इमान्दारितापूर्वक गरेको काम यहाँका जनताले देखेका छन्, त्यसैले यस पटक मतदाताले मलाई भोट दिन्छ", नेकपा (एमाले) का उम्मेदवार राना भन्नुहुन्छ, "पार्टीको मजबुत सङ्गठन, अघिल्लो निर्वाचनमा पार्टीको मत परिणामबाट म चुनाव जित्छु ।रासस

## विकास, रोजगारी र सुशासन जनताको प्रमुख चाहना

मध्यविन्दु । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा राजनीतिक चहलपहल तीव्र बनेको छ । राजनीतिक दलहरू आ-आफ्ना चुनावी एजेन्डा तय गर्दै सङ्गठन विस्तार, घरदैलो अभियान, मतदाता भेटघाट तथा छलफलमा केन्द्रित भएका छन् ।

निर्वाचनको समय नजिकिँदै जाँदा जिल्लाभर चुनावी माहोल तातेको छ । जिल्लामा दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेका छन् । आगामी फागुन २१ गते हुने निर्वाचनअन्तर्गत निर्वाचन क्षेत्र नम्बर १ मा तीन स्वतन्त्रसहित १६ उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । प्रमुख दलतर्फ नेपाली कांग्रेसका जिल्ला उपसभापति बालकृष्ण घिमिरे, नेकपा (एमाले) बाट भागिरथ सापकोटा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट राजन गौतम, नेपाल कम्युनिस्ट पार्टीबाट लोकप्रसाद भुर्तेल तथा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दीपकचन्द्र बस्ताकोटी उम्मेदवार रहनुभएको छ ।

निर्वाचन क्षेत्र नम्बर १ लाई नेपाली कांग्रेसको परम्परागत बलियो क्षेत्रका रूपमा लिइन्छ । विसं २०४८ देखि भएका सबै संसदीय निर्वाचनमा कांग्रेसले यस क्षेत्रमा विजय हासिल गर्दै आएको छ ।

विसं २०६४ देखि कांग्रेस नेता डा शशाङ्क कोइराला यस क्षेत्रबाट लगातार चार पटक निर्वाचित हुनुभएको थियो । गत निर्वाचनमा डा कोइरालाले २७ हजार ६७ मत प्राप्त गर्दै रास्वपाका गण्डकी प्रदेश सभापति राजन गौतमलाई दुई हजार ७६२ मतान्तरले पराजित गर्नुभएको थियो । यसपटक पनि गौतम पुनः चुनावी प्रतिस्पर्धामा उत्रनुभएको छ ।

मनोनयनपछि उम्मेदवारहरू घरदैलो कार्यक्रम, टोलस्तरीय भेला तथा अन्तर्क्रियामार्फत मतदातासँग प्रत्यक्ष संवादमा जुटिरहेका छन् । उम्मेदवारहरू विकास, सुशासन, रोजगारी, पूर्वाधार र जिल्लाका दीर्घकालीन समस्याको समाधानलाई प्राथमिकतामा राखेर चुनावी अभियान अघि बढाउने बताउँदै आएका छन् ।

कावासोती नगरपालिका-१ की मतदाता नारायणी भुसालले यसपटक निर्वाचनलाई विगतभन्दा फरक ढङ्गले हेरिरहेको बताउनुभयो । "हरेक चुनावमा विकासको कुरा सुनिन्छ, तर गाउँमा सिँचाइ र बजारको समस्या उस्तै छ । यसपटक जित्नेले पाँच वर्षभित्र देखिने काम गर्नुपर्छ", उहाँले भन्नुभयो ।रासस

# रहेनन् अभिनेता सुनिल थापा



काठमाण्डु । अभिनेता सुनिल थापाको आज ६८ वर्षको उमेरमा निधन भएको छ ।

शनिबार बिहान अचानक स्वास्थ्यमा समस्या देखिएपछि अभिनेता थापालाई उपचारका लागि थापाथलीस्थित नर्भिक अस्पताल लगिएको थियो । चलचित्र कलाकार सङ्घका अध्यक्ष मोहन निरौलाले अभिनेता थापाको हृदयघातबाट निधन भएको अस्पतालले जानकारी दिएको बताउनुभयो । "बिहान चलचित्रको छायाङ्कनमा जानुपर्ने भएकाले आफूसँगै रहेका सहयोगीलाई चाँडै उठाउन भन्नुभएको रहेछ, ती सहयोगी बिहान उठाउन जाँदा अभिनेता थापालाई अचेत पाएपछि अस्पताल ल्याइएको रहेछ । अस्पतालले प्रारम्भिक जाँच गरेपछि मृत घोषणा गरेको हो", अध्यक्ष निरौलाले भन्नुभयो ।

अभिनेता थापाका श्रीमती, एक छोरा र एक छोरी हुनुहुन्छ । "उहाँको परिवारका सदस्यहरु भारतको मुम्बईमा बस्नुहुन्छ, उहाँहरू आउँदै हुनुहुन्छ", अध्यक्ष निरौलाले भन्नुभयो । लामो समयदेखि नेपाली तथा भारतीय चलचित्रमा अभिनयमा सक्रिय रहनुभएका थापाको असामयिक निधनले सम्पूर्ण नेपाली कला जगत् स्तब्ध बनेको छ । चलचित्रमा खलनायक पात्रलाई पनि अभिनेता सरह चर्चा र सम्मान दिलाउन सफल थापा 'राते काइँला' पात्रमार्फत् विशेष रूपमा लोकप्रिय हुनुहुन्थ्यो । उहाँ शत्त मूलस्थित अपार्टमेन्टमा बस्दै आउनुभएको थियो ।रासस


**सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय बर्दिबास, महोत्तरीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति २०८२/१०/२५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | |
|---|---|
| रामदत्त महतोको नाति, ठकाई महतोको छोरा, धनुषा जिल्ला, साविक हरिहरपुर न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, मिथिला गा.पा./न.पा. वडा नं. ३ बस्ने **शम्भु महतो** (ना.प्र.नं. ३६०७५३५७, जारी मिति २०५०/०१/२०, जि.प्र.का. धनुषा) । | |
| **व्यक्तिगत जमानतकर्ताको विवरण** | |
| १. ठकाई महतोको बुहारी, शम्भु महतोको पत्नी, धनुषा जिल्ला, साविक हरिहरपुर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, मिथिला गा.वि.स./न.पा. वडा नं. ३ बस्ने **राजो देवी महतो** (ना.प्र.नं. १७३०३१/६९५, जारी मिति २०६३/११/०३, जि.प्र.का. धनुषा) । | २. ठकाई महतोको नाति, शम्भु महतोको छोरा, धनुषा जिल्ला, साविक हरिहरपुर न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, मिथिला गा.वि.स./न.पा. वडा नं. ३ बस्ने **दिपक कुमार महतो** (ना.प्र.नं. १७१०९१/३४२, जारी मिति २०६८/०१/०८, जि.प्र.का. धनुषा) । |
| **धितोको विवरण** | |
| शम्भु महतो (ना.प्र.नं. ३६०७५३५७, जारी मिति २०५०/०१/२०, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक हरीहरपुर गा.वि.स. वडा नं. ५ सिट नं. ५ क स्थित कित्ता नं. ३८४ को क्षेत्रफल ०-६-७-१२ (बि.क.धु.क.) बमोजिमको जग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

Siddhartha Bank
शाखा कार्यालय : बर्दिबास, महोत्तरी
फोन नं. ०४४-५५०६४०
Website: www.siddharthabank.com



**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**प्रादेशिक अस्पताल**
**मधेश प्रदेश, जनकपुरधाम**

**आधिकारिक आपूर्तिकर्ता (विक्रेता) मा सुचिकृत हुन र दररेट पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक सुचना प्रकाशन मिति :२०८२/१०/२५**

यस मधेश स्वास्थ्य बिज्ञान प्रतिष्ठान एंव यस अर्न्तगतको प्रादेशिक अस्पताल जनकपुरधाम तथा अन्य अस्पतालको विभिन्न शाखामा रहेका निम्न अनुसारका मेशिनरी उपकरणमा प्रयोग हुने केमिकल तथा किटहरु प्रोपाइटरी सामानहरुको रुपमा आ.व. २०८२/२०८३ मा खरिद गर्नका लागि सम्बन्धित उत्पादक कम्पनि आधिकारिक बिक्रेता (प्रोप्राइटरहरु) को सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को १ (ग) एंव सार्वजनिक खरिद नियमावली २०६४ (एघारौ संशोधन सहित) को नियम ८५ (३) बमोजिम सुचिकृत हुन इच्छुक कम्पनि/फर्महरुले नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मु.अ. दर्ता प्रमाणपत्र, सम्बन्धित कम्पनीको आधिकारिक आपूर्तिकर्ता रहेका प्रमाणपत्र, आधिकारिक विक्रेता पत्र, पछिल्लो आ.व. २०८१/२०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा आन्तरिक राजस्व विभागमा आय विवरण बुझाएको विवरण सहित उल्लेखित मेशिनमा लाग्ने केमिकल्स तथा किटहरुको दररेट सहित सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय खुलेको दिन जनकपुरधाम स्थित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अर्न्तगत रहेका प्रादेशिक अस्पतालको स्टोर शाखामा सुचिकृत भई दररेट पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| S. N. | Name of Equipment & Company | S. N. | Name of Equipment & Company |
|---|---|---|---|
| 1 | Fully Automatic Biochemistry Analyzer BS 480 (Mindray) | 12 | Electrolyte Analyzer EXIAS Na+/K |
| 2 | POCT Machine–F 200 Standard (SD Biosensor) | 13 | Fully Automatic 7 Diff Hematology Anaylzer BC-6200 (Mindray) |
| 3 | CBS-3 Electrolyte | 14 | Mythic 70 Hematology Analyzer |
| 4 | Semi Automatic Cogulation Analyzer C2000-4 (Mindray) | 15 | Automatic Blood Culture system TDR -X060 (Mindray) |
| 5 | Fully Automatic CLIA 900i (Mindray) | 16 | Nephometry (HIPRO) |
| 6 | X-ray film DR/CR & CT (Konica Minolta) | 17 | Atellica SH, Atellica CH 930 & Atellica IM 1600 |
| 7 | Mispa Viva (Semi Auto Biochemistry Analyzer) | 18 | BC 5380 Hematolgy Analyzer (Mindray) |
| 8 | Bio- Chemistry – CORMAY – Accent M 320 | 19 | EX-D Jokoh Na+/K Electrolyte |
| 9 | Rikoh Dry X-ray film | 20 | EDAN ABG |
| 10 | Printer (Lucky) Model No. LIMIT– X (STD)-(DR) Volts -24 (DR), Cycles -50 (DR) | 21 | PT 1000 ABG Analyzer |
| 11 | Cobas c 111 Analyzer | | |

**Terms and Conditions :-** For Laboratory Instrument, Bidder Should Site/ mention the unit price or CPT i.e. Cost per Test (Inclusive of all consumable, Accessories, calibrator and Spare Parts) each test applicable in above instruments.

# ग्वाटेमालाको ७२ वर्ष पुरानो कथाले ग्रीनल्यान्ड र भेनेजुएलासम्बन्धी ट्रम्पको नीतिबारे गरेको खुलासा

बीबीसी

काठमाण्डु । सन् १९५४ मा जब यूनाइटेड फ्रूट कम्पनी (यूएफसी) ले अमेरिकी राष्ट्रपति ड्वाइट डी आइजेन्हावरलाई ग्वाटेमालाका प्रजातान्त्रिक रूपमा निर्वाचित राष्ट्रपति हाकोबो अर्बेन्जलाई सत्ताच्युत गर्न सहमत गरायो, त्यसले ल्याटिन अमेरिकालाई दशकौँसम्म तरङ्गित तुल्यायो।

अब विज्ञहरू भेनेजुएलाका राष्ट्रपति निकोलास मदुरोलाई नियन्त्रणमा लिनुको औचित्य पुष्टि गर्न अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले प्रयोग गरेको 'डोन-रो' सिद्धान्तको जरा पहिल्याउँछन् र यो एउटा शक्तिशाली अमेरिकी बहुराष्ट्रिय कम्पनीले सीआईएको समर्थनमा गरेको कुसँग जोडिन्छ, जुन कम्पनीले आफ्नो अधिकांश आम्दानी केरा बेचेर गर्थ्यो।

यूनिभर्सिटी अफ केम्ब्रिजकी डा. ग्रेस लिभिङ्स्टोन भन्छिन्, "ग्वाटेमाला र छिमेकी देशमा यो कम्पनी यति शक्तिशाली थियो कि यसलाई 'अक्टोपस' उपनाम दिइएको थियो किनभने यसको प्रतिनिधित्व जतातते थियो।" बोस्टन, म्यासचूसिट्समा मुख्यालय रहेको यूएफसीको एजेन्हावर प्रशासनसँग कुनै आधिकारिक सम्बन्ध थिएन।

तर जब अर्बेन्जले दीर्घकालीन गरिबी सम्बोधन गर्न खेती नगरिएका ठूला बगानहरूका जमिन अधिग्रहण र पुनर्वितरण गर्ने प्रस्ताव गरे, कम्पनीले शीतयुद्धको त्रासको फाइदा उठाउँदै सोभियत प्रभावका निम्ति ग्वाटेमाला संवेदनशील रहेको चित्रण गर्दै वाशिङ्टनसँग व्यापक रूपमा वकालत गर्‍यो। "अर्बेन्जले निकै उदार ढङ्गले क्षतिपूर्ति दिन गइरहेका थिए - यूनाइटेड फ्रूटले पनि तिरेको भन्दा दोब्बर मूल्य - तर कम्पनी... उक्त रकमबाट खुसी भएन," लिभिङ्स्टोन भन्छिन्।

जब अर्बेन्ज सन् १९५० मा सत्तामा आए, उनले ग्वाटेमालालाई सामन्ती समाजबाट आधुनिक पुँजीवादी अर्थतन्त्रमा बदल्न चाहेको बताए पनि आइजेन्हावर हस्तक्षेप गर्न सहमत भए। आइजेन्हावरको तर्क 'मुनरो' सिद्धान्तमा आधारित थियो। उन्नाइसौँ शताब्दीको प्रारम्भमा अमेरिकी राष्ट्रपति जेम्स मुनरोको पश्चिमी गोलार्द्ध युरोपेली शक्तिहरूको प्रभावबाट मुक्त हुनुपर्छ भन्ने घोषणा एक रक्षात्मक चेतावनी थियो, जसले अमेरिकाले ठान्ने उसको क्षेत्रीय मामिलाबाट अन्य देशहरूलाई टाढा रहन भनेको थियो। लिभिङ्स्टोनका भनाइमा सन् १९०४ मा राष्ट्रपति थीओडोर रूजभेल्टले उक्त नीतिलाई 'यस क्षेत्रमा अमेरिकी सैन्य हस्तक्षेप स्पष्टतः औचित्यपूर्ण' बनाउन त्यसको समीक्षा गर्दै अद्यावधिक गरेका थिए। अनि, भेनेजुएला, ग्रीनल्यान्ड र इरानमाथिको धम्कीको औचित्य सिद्ध गर्न ट्रम्पको 'डोन-रो' सिद्धान्त पनि त्यसमै निर्भर छ।



"अर्बेन्जले निकै उदार ढङ्गले क्षतिपूर्ति दिन गइरहेका थिए - यूनाइटेड फ्रूटले पनि तिरेको भन्दा दोब्बर मूल्य - तर कम्पनी... उक्त रकमबाट खुसी भएन,"

"मदुरोको कब्जाअघि... ट्रम्पले उक्त गोलार्द्धमा हामीलाई पहिल्यै थाहा भएको अमेरिकी हस्तक्षेपको हरेक सैद्धान्तिक औचित्य पुनः स्थापित गर्दै ट्रम्पको प्रस्ताव आरम्भ गर्ने घोषणा गरेका थिए," द न्यू योर्कर पत्रिकाका जोन ली एन्डर्सन भन्छन्। कार्नेगी एन्डाओमन्ट फर इन्टर्न्याशनल पीसको ग्लोबल अर्डर एन्ड इन्स्टिट्यूशन्स् प्रोग्र्यामका वरिष्ठ फेलो तथा निर्देशक स्टेवार्ट प्याट्रिकका भनाइमा यो तर्क विश्व व्यवस्थाका लागि (ट्रम्पको) दृष्टिकोणको मूल हो... (र) विश्वव्यापीकरण, बहुपक्षीयता, जेलिएको गठबन्धन र टाढाका देशहरूमा सदाबहार युद्धहरूप्रति उनको लामो समयदेखिको वितृष्णाको अंश पनि हो।

राष्ट्रपति ट्रम्पले गत वर्ष नयाँ न्याशनल सेक्युरिटी स्ट्राटेजीको लक्ष्य "राष्ट्रिय सुरक्षाका मूल तत्त्व वाणिज्य, भूभाग र स्रोतको रक्षा गर्नु" रहेको बताएका थिए। त्यसपछि उनले "अमेरिकी प्रभुत्व" नै मुख्य रहेकोमा जोड दिएका छन् - र अमेरिकी हित रक्षा गर्न अधिकतम वैचारिक, मनोवैज्ञानिक र सैन्य दबाव लागु गरिने बताएका छन्।

एन्डर्सनको विश्लेषणमा भेनेजुएला र इरानमा ती चासोहरू तेलको आसपासमा घुमेका छन् र चीनले यसलाई पहिले पछ्याउने खतरा छाग्रीनल्यान्डसँग बहुमूल्य स्रोतहरू पनि छन् जसमा वाशिङ्टनका विरोधीहरूले नियन्त्रण जमाउनुअघि ट्रम्प सुरक्षित पार्न चाहन्छन्।यस्ता स्रोतहरूमा ग्वाटेमालामा रहेको विचारधारा, रुससँग शीतयुद्धको प्रतिद्वन्द्विता र केरा रहेको बुझाइ थियो - तर त्यसको तर्कझैँ रणनीति पनि उस्तै रह्यो।लिभिङ्स्टोन भन्छन्, "हामीले हालसालै भेनेजुएलामा जे देख्यौँ, ग्वाटेमाला त्यस्तै सैन्य उपस्थितिको घेराउमा थियो।"

"आइजेन्हावरले दक्षिणमा दुईवटा पनडुब्बीहरू पठाउन लागेको घोषणा गरेका थिए, र नजिकैको निकारागुआमा बमवर्षक विमानहरू पठाए, र तीनले ग्वाटेमालावरपरको समुद्रमा ग्वाटेमालाका जहाजहरूको रोक्न थाले। त्यसैले भेनेजुएलासँग धेरै समानता छन्।" अमेरिकी सरकारको सेन्ट्रल इन्टेलिजन्स एजन्सी (सीआईए) ले ग्वाटेमालामा ठूलो आक्रमणको चेतावनी दिँदै पर्चा खसाल्यो। ठूलो मात्रामा निरक्षर रहेको जनसङ्ख्यासम्म पुग्न उसले कार्टूनको प्रयोग गरेको थियो।

उसले एउटा रेडिओ सञ्जाल स्थापना गरेको थियो, त्यसको माध्यमबाट उसले देशभित्रबाट प्रसारण गरिरहेको बताएको थियो - यद्यपि विज्ञहरूका अनुसार त्यसका धेरै सिग्नल सिमानाबाहिरबाट त्यहाँ पुगेका थिए।"सीआईए रेडिओ स्टेशनमा, उनीहरूले हजारौँ मानिसहरू भाडाको सेनामा समावेश भएको दाबी गरेका थिए," लिभिङ्स्टोन भन्छन्, "तर जब उनीहरूले सीमा पार गरे, त्यहाँ कुनै स्वतःस्फूर्त विद्रोह भएन।" उनका अनुसार यस आक्रमणलाई समर्थन गरिरहेको सीआईएले ग्वाटेमाला र राजधानीका रणनीतिक स्थानहरूमा बमबारी गर्न सुरु गर्‍यो।

सेनाको ब्यारेकमा ठूलो धुवाँ-बम फ्याँकियो र रेडियोमा बम विस्फोटको आवाज सुनाइयो। यसको उद्देश्य जनता र सेनालाई हतोत्साहित पार्नु थियो। परिणामस्वरूप सैन्य नेतृत्वले आक्रमणलाई पराजित गर्न नसक्ने विश्वासका साथ अर्बेन्जलाई राजीनामा दिन आग्रह गर्‍यो र अन्ततः मनायो। एक्काइसौँ शताब्दीमा पुग्दा ग्रीनल्यान्ड र त्यसको स्वामित्व लिइरहेको देश डेन्मार्कले ट्रम्पबाट सामाजिक सञ्जालमार्फत प्रत्यक्ष धम्की पाएका छन्, जसमा उक्त भूभाग कब्जा गर्ने र कुनै पनि प्रतिरोधको लागि आर्थिक सजाय दिइने चेतावनी दिइएको छ।

आदेश अनुसरण गराउन, डर उत्पन्न गर्न र अमेरिकी हितहरूको रक्षा गर्न कडा सैन्य कारबाहीको धम्कीका साथ इरानमा मनोवैज्ञानिक दबाव तीव्र छ।"व्यापक सैन्य शक्ति इरानतर्फ जाँदै छ," ट्रम्पले सामाजिक सञ्जालमा लेखेका थिए, "भेनेजुएलामा जस्तै यो पनि तयार छ, इच्छुक छ र आवश्यक परे द्रुत गतिमा हिंसाका साथ आफ्नो लक्ष्य द्रुत गतिमा पूरा गर्न सक्षम छ।" पद छोडेको केही हप्तापछि अर्बेन्ज निर्वासनमा जान बाध्य भए।

लिभिङ्स्टोन भन्छन्, "नयाँ सत्ताले उनलाई एअरपोर्टमा जिस्काइरहेको भिडको सामुन्ने अन्डरवेअरसम्म खानतलासी गर्न बाध्य बनायो र त्यसपछि उनलाई विमानमा राखियो।"त्यसको ७० वर्षभन्दा बढी समयपछि अमेरिकी सेनाले नियन्त्रणमा लिएका मदुरो न्यूयोर्क जान बाध्य भए। "हामीले पहिलो पटक काराकासमा बमबारीको तस्बिर देख्यौँ," एन्डर्सन भन्छन्, "र, अर्को कुरा हामीले मदुरोलाई हतकडी लगाएको, सैनिकहरूले घेरेको र विनम्र देख्यौँ। यो एउटा ढाँचाको अङ्ग हो।"

सीबीसी न्यूजका माइक क्रोलीजस्ता विश्लेषकहरूका अनुसार ग्रीनल्यान्डप्रति ट्रम्पको दृष्टिकोण पनि सामाजिक सञ्जालमा गरिएका घोषणाहरू, रद्द गरिएका राजकीय भ्रमणहरू र उत्तेजक छविलगायत दृश्य राजनीतिमा निर्भर रहन्छ। त्यसमार्फत् उनी प्रभुत्व दर्साउन र साना राज्यहरूको स्वायत्तताको अवमूल्यन गर्ने प्रयास गर्छन्। अमेरिकी हस्तक्षेपको समर्थन गर्ने केहीले तानाशाहहरू र प्रजातन्त्र वा अमेरिकी सुरक्षाको अवहेलना गर्नेहरू मात्र डराउनुपर्ने तर्क गर्छन् तर धेरै पर्यवेक्षकहरू यसमा सहमत छैनन्।लिभिङ्स्टोन भन्छन्, "ग्वाटेमालाले अमेरिका प्रजातान्त्रिक तवरबाट निर्वाचित सरकारलाई अपदस्थ गर्न इच्छुक रहेको देखाएको छ र मुनरो सिद्धान्तको घोषणायता अमेरिकाले ल्याटिन अमेरिकामा ८० पटकभन्दा बढी हस्तक्षेप गरिसकेको छ।"

"ट्रम्पले उक्त सिद्धान्तलाई यसको सबैभन्दा सीधा रूपमा लागू गरिरहेका छन्। "ग्वाटेमालामा त्यो हस्तक्षेपपछि जे भयो, त्यसबाट राष्ट्रपतिलाई चिन्ताको कारण मिल्न सक्छ।अधिनायकवादी सरकारहरूका बेला दशकौँसम्म हिंसा र अस्थिरताको क्रम चल्यो, त्यसपछि लागुऔषध कारोबारीहरूको सञ्जालले राजनीतिक रिक्तताको फाइदा उठाए, गहिरो ढङ्गले पकड जमाए र व्यग्र शरणार्थी र लागुपदार्थ दुवैलाई अमेरिकी सिमानासम्म पुर्‍याए।पर्यवेक्षकहरू भन्छन्, यसले भूमिसुधार वा हस्तक्षेपको औचित्य पुष्टि गर्न प्रयोग गरिएको कम्युनिस्ट प्रभावको डरभन्दा अमेरिकी हितका लागि धेरै दीर्घकालीन खतरा निम्त्याएको छ।

# विश्वकप क्रिकेट पछ्याउँदै मुम्बईको माहौलमा रातो-नीलो जर्सी




बीबीसी

काठमाण्डु । मुम्बईको गल्ली, चोक र सहरमा यसै पनि क्रिकेटको 'भाइब्स' भेटिन्छ। भनिन्छ, मुम्बईमा क्रिकेट खेलिने मात्र होइन, यहाँ क्रिकेट बाँच्छ। लोभलाग्दो क्रिकेट इतिहास, सुसज्जित पूर्वाधार, रणजी ट्रफी जस्तो बलियो घरेलु संरचना र युवाहरूलाई आकर्षित गर्ने स्रोत साधनका कारण मुम्बईले क्रिकेटलाई विशेष बनाइरहेको देखिन्छ।

सचिन तेन्दुलकर, सुनिल गावस्कर, रोहित शर्मा, अजित अगारकर र सूर्यकुमार यादव जस्ता खेलाडी जन्माएको मुम्बई अहिले टी-२० विश्वकपको माहौलमा रङ्गिएको छ। कलाकारहरू ऋषभ शर्मा र शिवमणि अनि बादशाहको स्वर र नोरा फतेहीको नृत्यका माझ आज साँझ आयोजक भारत र अमेरिकाको खेलबाट मुम्बईमा टी-२० विश्वकप प्रारम्भ हुनेछ। विश्वकपको पहिलो खेल चाहिँ पाकिस्तान र द नेदरल्यान्ड्सबीच श्रीलङ्काको कोलोम्बोमा सुरु भइसकेको छ। कुल २० राष्ट्र सहभागी १० औँ संस्करणको छोटो फर्म्याटको विश्वकपको लागि मुम्बईको वानखेडे रङ्गशाला सजिएको छ। अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसीसी)का अध्यक्ष जय शाह र गत संस्करणको विश्वकपका विजेता भारतीय टोलीका पूर्वकप्तान रोहित शर्माले विश्वकप ट्रफी वानखेडेमा भित्राउने आइसीसीले जनाएको छ।

समुद्रको छेउमै अवस्थित वानखेडे रङ्गशाला नेपाली क्रिकेट समर्थकका लागि किन विशेष छ भने यही मैदानमा नेपाली क्रिकेट टोलीले लीग चरणका सबै चार खेल खेल्नेछ।शनीवार हुने पहिलो खेलमा वानखेडे रङ्गशाला नीलो जर्सी लगाएका भारतीय समर्थकहरूले छपक्कै ढाकिँदा त्यहाँ रातो-नीलो जर्सी लगाएका नेपाली समर्थकहरू पनि हुनेछन्। विश्वकप हेर्न थुप्रै नेपालीहरू मुम्बई आइसकेका छन्।

मुम्बई विमानस्थलमा भेटिएका समर्थक आशीष श्रेष्ठ भन्छन्, "यसपालि विश्वकपमा नेपाली खेलाडीहरूले केही न केही गजब गर्छन्।"अर्की समर्थक नेहा महर्जनले भनिन्, "त्यही हेर्न हामी यहाँ आएका हौँ।"असोसिएट राष्ट्रबाट विश्वकपमा पुगेको नेपालको प्रदर्शनप्रति आइसीसीको पनि उत्तिकै चासो छ।नेपाललाई आइसीसी डिजिटल फ्यान इन्गेजमेन्ट अवार्ड र एशियाली डिजिटल फ्यान इन्गेजमेन्ट अवार्ड दिलाएका नेपाली फ्यान देखेर आइसीसी पनि दङ्ग देखिन्छ। नेपाली क्रिकेटलाई लामो समय देखि पछ्याउँदै आएका एक समर्थक सन्तोष ढुङ्गेल पनि यस पालि नेपालले विश्व क्रिकेटको मन जित्नेमा ढुक्क छन्।

नेपाल प्रिमिअर लीग (एनपीएल) को एक खेलमा 'फ्यान अफ द म्याच' पाएका उनी भन्छन्, "हेर्नुस्, इङ्ल्यान्डविरुद्धकै खेलबाट नेपाली खेलाडीहरूले तहल्का मच्चाउँछन्। म नेपाल सुपर-८ मा पुगेको हेर्न चाहन्छु।" दर्शकहरूको उर्लिँदो माया अनि नेपाली खेलाडीहरूको जोसिलो प्रदर्शन नेपालको आकर्षणको केन्द्र बन्ने गरेको छ।श्रीलङ्का र भारतमा अभ्यास खेल खेलेर तयार भएको नेपाली टोलीले यूएई र क्यानडासँग खेलेका दुई वटा 'वार्मअप म्याच' जितेर सकारात्मक मनोबल बटुलेको छ। भारत आउँदा अन्य देशको तुलनामा नेपाली टोलीको भव्य स्वागत गरिएका तस्बिर र दृश्यहरू सार्वजनिक भएका थिए।नेपाल र इङ्ल्यान्डबीच आइतवार अपराह्न हुने पहिलो खेलका अधिकांश टिकट बिक्री भइसकेको बताइएको छ।विश्वकपमा चर्चाका थुप्रै विषयहरू छन्।

बाङ्लादेशले भारतमा विश्वकप खेल्न अस्वीकार गर्दै विश्वकप नै त्यागेको घटनाबाट सुरु भएको विवाद अहिले पाकिस्तानले भारतसँग नखेल्ने निर्णय गरेको घटनामा पुगेर उत्कर्षमा पुगिरहेको छ। विश्व क्रिकेटको चासो पाकिस्तानले अब के गर्ला भन्नेमा केन्द्रित देखिन्छ।अस्ट्रेलिया, इङ्ल्यान्ड, वेस्ट इन्डिज जस्ता महारथीहरूको प्रदर्शन के होला वा अघिल्लो संस्करणमा उपाधि जितेको भारतले आफ्नो साख कसरी जोगाउला भन्ने चर्चा आफ्नै ठाउँमा छ।तर तेस्रो पटक विश्वकप खेलिरहेको नेपालले यसपालि के गर्ला त्यो उत्सुकता नेपाली समर्थकहरूमा बढी देखिन्छ।वानखेडे रङ्गशालामा त्यसको जबाफ अबको दुई हप्तामा भेटिनेछ।

# अमेरिका- भारत अन्तरिम व्यापार सम्झौताको घोषणा



क्युएनए

नयाँदिल्ली ।संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०२५ फेब्रुअरी मा सुरु गरेको अमेरिका-भारत द्विपक्षीय व्यापार सम्झौता (बिटीए) वार्तालाई अगाडि बढाउन अन्तरिम व्यापार सम्झौताको घोषणा गरेका छन् ।संयुक्त राज्य अमेरिका र भारत बीचको अन्तरिम सम्झौताले व्यापारमा ऐतिहासिक कोसेढुङ्गाको प्रतिनिधित्व गर्दै आपसी हित र पारस्परिक सन्तुलित व्यापारको साझा प्रतिबद्धता प्रदर्शन गर्ने जनाइएको छ।

सम्झौताको एक हिस्साको रूपमा, भारतले सबै अमेरिकी औद्योगिक सामानहरू र अमेरिकी खाद्य र कृषि उत्पादनहरूको विस्तृत श्रृंखलामा शुल्क हटाउने वा घटाउने छ । जसमा सुकेको अन्न, रूख बदाम, ताजा र प्रशोधन गरिएका फलफुलहरू, सोयाबिन तेल, वाइन लगायत समावेश छन् ।

संयुक्त वक्तव्य अनुसार संयुक्त राज्य अमेरिकाले कपडा , छाला जुत्ता, प्लास्टिक , रबर, जैविक रसायन, घरको सजावट, र केही मेसिनरी क्षेत्रहरूलाई समेट्ने सान्दर्भिक कार्यकारी आदेश अन्तर्गत भारतीय मूलका सामानहरूमा १८ प्रतिशतको पारस्परिक शुल्क लागू गर्नेछ । "अन्तरिम सम्झौताको सफल निष्कर्षमा, अमेरिकाले जेनेरिक फार्मास्यूटिकल्स, रत्न र हीरा, र विमानका भागहरू लगायत सामानहरूको विस्तृत श्रृंखलामा पारस्परिक शुल्क हटाउनेछ। "

सम्झौताले एल्युमिनियम, स्टिल र तामामा राष्ट्रिय सुरक्षा सम्बन्धी घोषणाहरू अन्तर्गत लगाइएका केही भारतीय विमान र विमानका भागहरूमा अमेरिकी शुल्क हटाउने पनि व्यवस्था गरेको छ । भारतले अमेरिकी राष्ट्रिय सुरक्षा आवश्यकता अनुरूप अटोमोटिभ पाट्र्सका लागि प्राथमिकता शुल्क दर प्राप्त गर्नेछ । अमेरिकी अनुसन्धानको नतिजाको आधारमा, भारत पनि जेनेरिक औषधि र औषधि सामग्रीका लागि वार्ताको नतिजाहरू प्राप्त गर्न तयार भएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

दुवै देशहरू एक-अर्कालाई दिगो आपसी हितका क्षेत्रहरूमा बजार पहुँच प्रदान गर्न र सम्झौताको लाभ संयुक्त राज्य अमेरिका र भारतलाई सुनिश्चित गर्न उत्पत्ति नियमहरू स्थापना गर्न प्रतिबद्ध रहेको जनाइएको छ ।दुवै पक्षले द्विपक्षीय व्यापारलाई असर गर्ने गैर- शुल्क बाधाहरूलाई सम्बोधन गर्ने विज्ञप्तिमा उल्लेख छ । भारत अमेरिकी चिकित्सा उपकरण, सूचना र सञ्चार प्रविधि सामान, खाद्य र कृषि उत्पादन जस्ता क्षेत्रमा लामो समय देखि रहेका बाधाहरूलाई सम्बोधन गर्न कदम चाल्न छ महिना भित्र अन्तर्राष्ट्रिय मापदण्डको स्वीकृतिको समीक्षा गर्न सहमत भएको जनाइएको छ।

अन्तरिम सम्झौता बाहेक, दुवै देशले बिटिए वार्ताको माध्यमबाट बजार पहुँच थप विस्तार गर्ने काम गर्ने बताएका छन् । वार्ताका क्रममा अमेरिकाले भारतीय सामानमा कर घटाउने प्रयास जारी राख्ने भारतको अनुरोधलाई विचार गर्ने बताएको छ।

सम्झौताले आपूर्ति श्रृंखलामा लचिलोपन, लगानी समीक्षा, निर्यात नियन्त्रण, र तेस्रो पक्षहरूको गैर-बजार नीतिहरूको सम्बोधनमा सहयोग सहित आर्थिक सुरक्षालाई सुदृढ पार्ने जनाइएको छ। सम्झौता अनुसार भारतले आगामी पाँच वर्षमा ५०० अर्ब अमेरिकी डलर मूल्यका अमेरिकी ऊर्जा उत्पादनहरू, विमान र विमानका पुर्जाहरू, बहुमूल्य धातुहरू, कोइला खरिद गर्ने इच्छा व्यक्त गरेको छ । डाटा सेन्टरमा प्रयोग हुने ग्राफिक्स प्रशोधन एकाइसहित प्रविधि उत्पादन व्यापारमा उल्लेखनीय वृद्धि गर्न र संयुक्त प्रविधि सहयोग विस्तार गर्न दुवै पक्ष सहमत भएका छन् ।

## मानिसहरू किन पुनः
# चन्द्रमामा जाँदै छन्? "पूर्णतया फरक खेल"को यस्तो महत्व

बीबीसी

काठमाण्डु । पचास वर्षभन्दा बढी समयपछि चन्द्रमाको परिक्रमा गर्ने पहिलो मानव मिशन आउँदा केही साताहरूभित्रै प्रक्षेपण हुने भएको छ।

नासाको 'आर्टमिस २' मार्चदेखि एप्रिलको सुरुसम्म कुनै पनि समयमा प्रक्षेपण हुन सक्छ। यकिन मिति भने अन्तरिक्षयानको अन्तिम जाँच, चन्द्रमाको स्थिति र मौसमको अवस्था लगायतका विभिन्न पक्षहरूमा निर्भर गर्छ।चालक दलले सतहमा पाइला टेक्ने छैनन् तर नासाले यो १० दिने "स्लिङशट" यात्राले चन्द्रमामा स्थायी उपस्थिति स्थापित गर्ने र अमेरिकीहरूलाई मङ्गल ग्रहमा पठाउने बाटो खुला गर्ने आशा गरेको छ। तर चन्द्रमामा फर्कन खोजिरहेको देश संयुक्त राज्य अमेरिका मात्रै छैन।

किन देशहरू खगोलीय पिण्डमा पाइला राख्न हतार गरिरहेका छन् र नयाँ अन्तरिक्ष दौडमा के स्वार्थ छ? 'स्क्याम्बल फर द स्काइज' पुस्तककी लेखिका डा. नम्रता गोस्वामीले बीबीसीलाई बताएअनुसार सन् १९६० र ७० को दशकमा चन्द्रमामा प्रसिद्ध 'अपोलो' मिशनहरूमा जस्तो यो यात्रा मानिसहरूलाई चन्द्रमामा लग्ने र फर्काउने मात्र होइन।

"बरु यो अमेरिकाका लागि चन्द्रमामा स्थायी उपस्थिति स्थापित गर्ने र बहुमूल्य खनिज उत्खनन गर्ने लक्ष्यको एउटा खुड्किलो हो," उनी भन्छिन्।यो २०२२ को मानवरहित मिशन 'आर्टमिस १'कै शृङ्खला हो, जुन नासाको उसबेलाको नयाँ गहिरो अन्तरिक्ष अन्वेषण प्रणालीको पहिलो परीक्षण थियो। अन्य कामहरूका साथै 'आर्टमिस २'का चालकदलले भविष्यमा चन्द्रमा अवतरणको निम्ति 'ओरिअन' अन्तरिक्षयानको सञ्चालन र त्यसलाई व्यवस्थित गर्ने अभ्यास गर्ने छ।



अन्तरिक्षमा यसको सबैभन्दा गहिराइको बिन्दुमा यो चन्द्रमाको बाहिरी भागभन्दा लगभग ४,६०० माइल टाढा हुने छ ।

पछिल्लो पटक सन् १९७२ मा शीतयुद्धका बेला नासाको 'अपोलो-१७' मिशनमार्फत् चन्द्रमामा मानव पाइला परेको हो।

त्यस बेला संयुक्त राज्य अमेरिकाले अन्तरिक्षको दौड जितिसकेको थियो। उसले 'अपोलो-११' बाट पहिलो पटक अन्तरिक्षयात्रीहरूलाई सन् १९६९ मा चन्द्रमामा पुर्‍याएको हो। यस्तो उपलब्धि सोभियत सङ्घले कहिल्यै प्राप्त गर्न सकेन। गोस्वामीका अनुसार आफ्नो लक्ष्य हासिल गरिसकेपछि चन्द्रमाको यात्रालाई निरन्तरता दिनुको कुनै कारण थिएन, अनि यो असामान्य महँगो थियो। सन् १९६१ देखि १९७२ सम्म सञ्चालन गरिएको अपोलो कार्यक्रमको लागत २५.८ अर्ब डलर थियो, जुन अहिलेको मूल्यमा २९० देखि ३२० अर्ब डलर बराबर हो। तथापि त्यसयता इलोन मस्कको 'स्पेसएक्स र जेफ बेजोसको '' ब्लू ओरिजिन'द्वारा गरिएका पुनः प्रयोग गर्न सकिने रकेटहरूको विकासजस्ता प्राविधिक सफलताहरूले लागतले मूल्य घटाउन मद्दत गरेको छ। यसले गर्दा धेरै देशहरू अन्तरिक्ष अन्वेषणतर्फ अग्रसर हुन खोजिरहेका छन् भने अन्तरिक्षयात्रासँग सम्बन्धित 'स्टार्टअप' तीव्र बनेको छ।

अहिले ७० भन्दा बढी देशहरूका आफ्नै राष्ट्रिय अन्तरिक्ष कार्यक्रमहरू छन्।तर सम्भवतः अमेरिकाको चन्द्रमा यात्राको नयाँ महत्त्वाकाङ्क्षाको सबैभन्दा ठूलो प्रेरक चीन र यस क्षेत्रमा उसको बढ्दो सफलता हो।

सन् २०१९ मा 'चाङ ए -४' अन्वेषणसहित पृथ्वीबाट टाढा रहेको अँध्यारो भागमा अवतरण गर्ने चीन पहिलो देश बनेको थियो। सन् १९५७ मा अन्तरिक्षमा पहिलो पटक प्रक्षेपण गरिएको सोभियत भूउपग्रहतर्फको सन्दर्भ उल्लेख गर्दै डा. नम्रता गोस्वामी उक्त अवतरणले अमेरिकालाई 'ब्युँझाएको' र त्यसलाई 'स्पुतनिकको क्षणजस्तो' बताउँछिन्।"उनीहरूले महसुस गरे-कतै चीनले रुसी प्रविधिको नक्कल गरिरहेको त छैन," उनको भनाइ छ।चीनले सफलता हासिल गर्नुअघि नै डोनल्ड ट्रम्पले अमेरिकी राष्ट्रपतिका रूपमा आफ्नो पहिलो कार्यकालमा सन् २०१७ मा अन्तरिक्ष निर्देशिकामा हस्ताक्षर गर्दा अन्तरिक्षयात्रीहरूलाई चन्द्रमामा फर्काउने र अन्तरिक्ष अन्वेषण गर्ने खुला प्रतिबद्धता व्यक्त गरेका थिए।

त्यस बेला उनले उक्त निर्देशिकाले 'अमेरिकाको अन्तरिक्ष कार्यक्रमले फेरि सम्पूर्ण मानवजातिको नेतृत्व गर्ने र प्रेरित गर्ने' सुनिश्चित गर्ने बताएका थिए। चीनले अमेरिकासँग अन्तरिक्ष दौडमा भाग लिएको कुरा अस्वीकार गरेको छ। तर आम रूपमा विज्ञहरू चन्द्रमामा फर्किने पहिलो देश हुने होडबाजी सुरु भइसकेको विश्वास गर्छन्।अधिकांश विश्लेषकहरू चन्द्रमामा उपस्थिति स्थापित गर्ने पहिलो देशले पानीको बरफ भेटिइसकेको दक्षिणी ध्रुवसहित बहुमूल्य स्रोत क्षेत्रमा वास्तविक नियन्त्रण गर्न सक्ने ठान्छन्।


त्यो पानी पिउनका निम्ति, अक्सिजन बनाउन, साथसाथै ग्यासहरूलाई तरल पारेर अनि अक्सिजन र हाइड्रोजन छुट्टाएर रकेट इन्धनका लागि प्रयोगयोग्य बनाउन सकिन्छ, जसले अन्तरिक्षमा इन्धन भर्न सकिने सम्भावना बढाउँछ।

विज्ञहरूका अनुसार यसले पृथ्वीबाट महँगो अन्तरिक्ष प्रक्षेपण गर्नुपर्ने बाध्यता कम गर्ने छ र भविष्यमा मङ्गल ग्रहमा हुने मिशनको आशा बढाउने छ। चन्द्रमामा पानीका अतिरिक्त फलाम, एल्यमिनिअम र टाइटेनिअमजस्ता निर्माणमा प्रयोग हुने धातुलगायत पत्ता लगाइएको छ। थप स्रोतहरूको पनि पहिचान गरिँदै छ।हिलिअमको एउटा दुर्लभ प्रकार- अत्यधिक मूल्यवान् आइसोटोप हिलिअम-३को मूल्य पृथ्वीमा प्रतिकिलो २ करोड डलर पर्ने बताइन्छ। त्यो अन्ततः परमाणु फ्यूजन रियाक्टरहरूलाई इन्धन दिन प्रयोग गर्न सकिन्छ।

तर हिलिअम-३ जस्ता स्रोतहरूको उत्खनन निकै चुनौतीपूर्ण छ।त्यसमा उत्खनन उपकरणहरूले उज्यालोमा १२० डिग्री सेल्सिअस (२४८ फरेनहाइट) देखि रातमा माइनस १७० डिग्री सेल्सिअस (माइनस २७४ फरेनहाइट) सम्मको तापक्रमको सामना गर्नुलगायतका चुनौतीहरू छन् ।

# व्यावसायिक कृषिमा रमाउँदै

मध्यविन्दु । नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को हुप्सेकोट गाउँपालिका-५ पहारे बसेनी भौगोलिक रूपमा दुर्गम बस्तीमध्ये पर्छ । सडक, बजार र सेवा सुविधाको पहुँच सीमित रहेको यस गाउँमा पनि आत्मनिर्भर बन्न सकिन्छ भन्ने उदाहरण बन्नु भएको छ ४२ वर्षीय खेम रजाली मगर ।



करिब पाँच वर्षअघि सामान्य व्यापारमा संलग्न रहनुभएका मगरले पछिल्ला दुई वर्षदेखि भने पूर्ण रूपमा व्यावसायिक कृषि कर्मलाई आफ्नो जीवनको मूल आधार बनाउनु भएको छ। "अरू साथीहरू विदेशतिर लागे, तर मैले आफ्नै गाउँमा केही गरौँ भन्ने सोच लिएँ", उहाँले भन्नुभयो, "विगत दुई वर्षदेखि व्यावसायिक रूपमा बाख्रासँगै अन्य कृषिकार्य गरिरहेको छु।"

माषिस पशु, पक्षी तथा कृषि फर्म दर्ता गरी मगर दम्पतीले अहिले आफ्नै गाउँमा व्यावसायिक रूपमा बाख्रा, कुखुरा र मौरी पालन गर्दै आउनुभएको छ । यससँगै अम्रिसोको कुचो उत्पादन र बिक्री पनि उहाँहरूको आम्दानीको अर्को स्रोत बनेको छ । गाउँको भौगोलिक अवस्था चुनौतीपूर्ण भए पनि कृषि कर्ममा उहाँहरूको लगाव र परिश्रमले अहिले सफल कृषकको रूपमा चिनारी दिएको छ । "अहिले फर्ममा लोकल खरी जातका बाख्रा धेरै रहेका छन् । बजारमा खसीको माग अत्यधिक भएकाले बिक्रीको समस्या परेको छैन", उहाँले भन्नुभयो, "कुखुरा, हाँस र मह पनि उत्पादन गर्ने गरी बिक्री गरिरहेको छु।"

आर्थिक रूपमा हेर्दा बाख्राबाट मात्र एक सिजनमा चारदेखि पाँच लाख रुपैयाँसम्म आम्दानी हुने गरेको उहाँ बताउनुहुन्छ । त्यसैगरी मौरीपालाबाट वार्षिक ५०-६० हजार रुपैयाँ र अम्रिसोको कुचो बिक्रीबाट थप आम्दानी हुँदै आएको मगरले बताउनुभयो । "कृषि कर्मबाट भएको कमाइ जोड्दा वर्षमा आठदेखि दश लाख रुपैयाँसम्म आम्दानी हुने गरेको छ", उहाँले भन्नुभयो, "आखिर विदेश नै गएको भए पनि वर्षमा तेती कमाइ हुँदैन होला ।"श्रीमान्-श्रीमती दुवै जना मिलेर काम गर्ने गरेको मगरको भनाइ छ । बाख्रालाई घाँस, पानी, दवाई श्रीमान् श्रीमती दुवै जना मिलेर काम गर्दा कामको बोझ नभएको मगर दम्पतीको अनुभव रहेको छ।

"हामी दुवै मिलेर काम गर्छौं, कामको थकानभन्दा आत्मसन्तुष्टि ठुलो छ", उहाँले भन्नुभयो, "गाउँघर मै बसेर आफ्नै मेहनतमार्फत परिवारलाई खुसीका साथ पाल्न सकिएकोमा हामी सन्तुष्ट छौँ ।"दुर्गम गाउँमा बसेर कृषि व्यवसाय गर्नु सजिलो भने छैन । घाँस, दाना, उपचार र बजारसम्म पुऱ्याउने समस्या अझै चुनौतीका रूपमा रहेका छन् । तर पनि स्थानीय स्रोत-साधनको प्रयोग, मेहनत र निरन्तरताले यी समस्या क्रमशः पार गर्न सकिने विश्वास मगरको छ। भविष्यमा यसै व्यवसायलाई थप विस्तार गर्ने योजना रहेको उहाँ बताउनुहुन्छ।

"उन्नत जातका बाख्रा थप्ने, मौरीका घार बढाउने र उत्पादनलाई व्यवस्थित बजारसम्म पुऱ्याउने लक्ष्य रहेको छ", उहाँले भन्नुभयो, "गाउँका अन्य युवालाई पनि कृषि कर्मतर्फ आकर्षित गर्ने चाहना रहेको छ, हेरौँ कति पुरा हुन्छ।"खेम रजाली मगरको कृषि कर्ममा हुप्सेकोट गाउँपालिकाले पनि सहयोग र सहकार्य गरिरहेको हुप्सेकोट गाउँपालिकाका पशु सेवा शाखाका बुद्धिबहादुर देउजाले बताउनुभयो। "युवाहरू बिदेसिने प्रवृत्तिबिच आफ्नै गाउँमा सम्भावना खोज्दै आत्मनिर्भर बन्न सकिन्छ भन्ने सन्देश खेम रजालीजस्ता कृषक दिनुभएको छ", पशु सेवा शाखा प्रमुख देउजाले भन्नुभयो ।रासस

# रेडिमिक्स तयार गर्दै सडक डिभिजन

नारायणगढ । जिल्लाका मुख्य सडकमा हुने स-साना खाल्डाखुल्डी (पोटहोल) तत्काल पूर्ववत् अवस्थामा ल्याई आवागमन सहज बनाउन सडक डिभिजन कार्यालय भरतपुरले धमाधम रेडिमेड प्रिमिक्स (रेडिमिक्स) बनाएको छ।

सामान्य सिमेन्टको बोरामा प्याकिङ गरी राखिने उक्त प्रिमिक्सको आयु कम्तीमा छ महिनासम्म रहने सडक डिभिजन कार्यालय भरतपुरका सूचना अधिकारी इन्जिनियर कृष्णप्रसाद आचार्यले बताउनुभयो। उहाँले आपत्कालीन अवस्थामा विशेष उपयोगी हुने उहाँले बताउनुभयो। "सडक विभागमा पहिलो पटक पाइलट प्रोजेक्टका रूपमा विसं २०७६ सालमै रेडिमेड प्रिमिक्स निर्माण सुरु गरेका हौँ," उहाँले भन्नुभयो। "यो तयारी अवस्थामा रहने भएकाले सडकमा पोटहोल देखिए तुरुन्तै मर्मत गर्न सकिन्छ र थप पोटहोल बढ्न पाउँदैन।" अन्य प्रविधिको तुलनामा यो किफायती र टिकाउसमेत भएको कार्यालयको दाबी छ। हाल करिब एक हजार ५०० बोरा प्रिमिक्स तयारी



भइरहेको र आवश्यकताअनुसार परिमाण बढाइने उहाँले जानकारी दिनुभयो।

कार्यालयको लक्ष्य खाल्डाखुल्डी मुक्त सडक बनाउनु रहेको भन्दै उहाँले भन्नुभयो, "सडक पोटहोलको मर्मत नियमित रूपमा हुने हो। कार्यालयअन्तर्गतका सडकको नियमित मर्मतका लागि कार्यालय मै रेडिमेड प्रिमिक्स निर्माण गरी प्रयोग गरिरहेका छौँ।"

प्रिमिक्स तयार गर्न बिटुमिन (एमसी-एटर्नेट) प्रयोग गरिन्छ। स्टोन चिप्सलाई करिब ८० डिग्री सेल्सियस तापक्रममा मिक्सिङ गरी चिसिएपछि बोरामा प्याक गरेर भण्डारण गरिन्छ। आवश्यकता परेको बेला सोही सामग्री प्रयोग गरेर तत्काल मर्मत गर्न सकिने उहाँको भनाइ छ।

कम खर्च र कम जनशक्तिमा तयार गर्न सकिने यो प्रविधि

कार्यालयको लक्ष्य खाल्डाखुल्डी मुक्त सडक बनाउनु रहेको भन्दै उहाँले जिल्लाको नारायणगढ-मुग्लिन, नारायणगढ-लोथर, भरतपुर-माडी तथा भरतपुर-मेघौली सडक खण्डमा नियमित मर्मत भइरहेको जानकारी दिनुभयो। यहाँका सडक भारी सवारीसाधनको चाप, डिजाइन लोडभन्दा बढी भार र वर्षायाममा पानीको बहावले क्षति हुने गरेको उहाँले बताउनुभयो ।रासस

# साकेला सिली संरक्षणमा जुट्दै

टक्सार। भोजपुरको रामप्रसादराई गाउँपालिका परम्परागत साकेला सिलीको संरक्षणमा जुटेको छ । पालिकाले साकेला सिली संरक्षणका लागि प्रशिक्षण नै दिन सुरु गरेको छ।



रैथाने ज्ञान महोत्सव २०८२ को अवसरमा पालिकाले साकेला सिली प्रशिक्षण सुरु गरेको हो । किरात जातिको साँस्कृतिक नृत्यकारूपमा हेरिएको साकेला सिली नाचिएपनि पछिल्ला समया यसको सांस्कृतिक पक्ष बारे जानकारी हुन छाडेकोले सैद्धान्तिक र प्रयोगात्मकरूपमा सिली प्रशिक्षण गरिएको गाउँपालिका अध्यक्ष थामबहादुर राईले बताउनुभयो।

आगामी माघ २६ गतेसम्म आवाससहितको व्यवस्था गरिएको प्रशिक्षणमा अधेता शालिक सतासक राई, संरक्षक राई, अर्जुन राई र मानबहादुर राईले सहजीकरण गरि रहनुभएको छ । साकेला सिली प्रशिक्षणमा ३० जनाको सहभागिता रहेको छ । पालिकाभित्रका हरेक जातजातिका संस्कृति र रैथाने ज्ञानलाई प्रवर्द्धन गर्नु स्थानीय सरकारको दायित्व रहेकाले रैथाने ज्ञान महोत्सवको आयोजना गरिएको गाउँपालिका उपाध्यक्ष वीरेन्द्र राईले जानकारी दिनुभयो। सोही अवसरमा भइरहेको साकेला सिली प्रशिक्षणले यसको संरक्षणमा थप मद्दत गर्ने उहाँले बताउनुभयो।

यता २६ गते हुने बृहत रैथाने महोत्सवको पनि तयारी थालिएको छ । सो अन्तर्गत विभिन्न तीन शीर्षकमा प्यानल डिस्कोर्सको आयोजना गरिएको छ।


पर्यटनमा रैथाने स्वाद र स्वामित्व विषयमा पाविहाङ राई, सचिन डाँगी, दिलकुमार खालिङ, र सम्पदा लिम्बुले बहस गर्नु हुनेछ । त्यस्तै शिक्षामा स्वदेशी सपना शीर्षकमा रजत राई, सूर्य राई, निर्माण किराती र भूमिका पाख्रीनले बहस गर्नुहुने छ।

त्यस्तै लोक रिझाइको राजनीति शीर्षकमा राजन समीप, यजस्वी राई, रिझन रानामगर र प्रकाश राईले बहस गर्नु हुने आयोजकले जानकारी दिएको छ। पालिकाको आर्थिक सहयोगमा महोत्सव हुने छ। रासस

## पुस्तक चर्चा :
# एक फिरन्तेको जीवन कथा

काठमाण्डु । पछिल्लो समय आत्मकथा लेख्ने लेखाउने क्रम बढ्दै जाँदा अधिकांशले आफ्नो वास्तविक पक्षभन्दा बनावटी प्रसङ्गलाई बढी प्राथमिकता दिएर लेखिएका पुस्तकहरू बजारमा धेरै पाइन्छ। यसमा अपवादको रूपमा रहेको कृति हो 'एक फिरन्तेको चट्याङे जीवन' । श्याममोहन श्रेष्ठको आत्मकथा 'एक फिरन्तेको चट्याङे जीवन' नेपाली आत्मकथात्मक साहित्यमा फरक स्वाद र धार बोकेको कृति हो। यो पुस्तक केवल लेखकको व्यक्तिगत जीवनकथा मात्र नभई नेपाली समाज, राजनीति, पत्रकारिता र बौद्धिक यात्राको जीवन्त अभिलेख हो।

आत्मकथा लेख्नु आफैँमा ज्यादै खतरनाक रहर हो। आफ्नो मात्र प्रशंसा गरेर लेख्दा पाठक




खुसी नहुन सक्छन् भने आफूलाई इमान्दार भएर लेख्दा चिनजानका अधिकांश मानिसहरू पक्कै खुसी हुने छैनन्। आत्मकथा लेखनका यस्ता समस्यालाई पनि पन्छाउँदै श्याममोहन श्रेष्ठले आफ्नो जीवनका यथार्थतालाई इमानदारीपूर्वक राख्नुभएको छ। यस किसिमको लेखनीले नेपालको सामाजिक ज्ञानको भण्डारलाई फराकिलो बनाउँछ। यो आत्मकथाको प्रमुख विशेषता यसको इमान्दार प्रस्तुति हो।

पुराना पर्यटन व्यवसायी श्याममोहनको यस जीवनकथामा करिब ५० वर्षअघि आफ्नो युवावस्थामा गर्नुभएको रोमाञ्चक एवं साहसी काठमाडौं-पेरिस-काठमाडौं स्थलयात्राको विवरण र सोसँग जोडिएका प्रसङ्गहरूलाई छर्लङ्ग पारिएको छ। पुस्तक आत्मकथा मात्रै नभएर यात्रा, प्रेम, रोमान्स, अनुभूति र आत्मखोजको रोमाञ्चक दस्तावेज बनेको छ। पुस्तकका लेखकले आफ्नो जीवनलाई खुला पुस्तकका रूपमा प्रस्तुत गर्नुभएको छ। समाजले कोरेका ठीक, बेठीक आदि नैतिक परिधिको साँधसीमामा नबाँधिइकन निर्धक्कपूर्वक लेखिएको यस पुस्तकले आत्मकथा लेखनमा नयाँ आयाम ल्याएको छ। महत्वाकांक्षी सोच राख्नुहुने लेखकले जीवनका घटना र अनुभवलाई कति पनि नलुकाइकन राखेकै कारण पुस्तकले जीवन्तता पाएको छ।

अत्यन्त सहज रूपमा आफ्नो जीवनका सबै घटनालाई साहसपूर्वक खुलेर लेखिएको यसले उपन्यासको झझल्को दिन खोजेको छ। आफ्नो जीवनलाई खुला पुस्तकका रूपमा प्रस्तुत गरेको र समाजले कोरेका ठीक, बेठीक आदि नैतिक परिधिको साँधसीमामा नबाँधिइकन लेखेको बताउनु हुने लेखकमा लेखकीय परिपक्व नवीन शैली पाउन सकिन्छ। उतारचढावमय जीवनकथाका सप्तरंगीहरूलाई सरल ढङ्गबाट प्रस्तुत गरिरहँदा धेरै ठाउँमा ऐतिहासिक प्रसङ्गहरूलाई उल्लेख गर्न छुटाउनुभएको छैन। रासस


## महिला मिलन सामुदायिक बन उपभोक्ता समुह
### जीतपुरसिमरा उ.म.नं.पा.२२, ३ नं. पुल , (बारा)
## काठ दाउरा लिलाम बिक्रीको सुचना

यस महिला मिलन सामुदायिक बन उपभोक्ता समुहले २०८१।०८२ मा उत्पादन भएको भएको काठ दाउरा मध्ये समुहको भागमा परेका तपशिल अनुसारको गोलिया काठ लिलाम बिक्रि गर्नुपर्ने भएकाले सम्बन्धित सबैको जानकारीकोलागि यो २१ दिने सुचना प्रकाशित गरिएको छ।

**तपशील**

| सि.नं. | जात | थान | घ.फि. | कैफियत |
|---|---|---|---|---|
| १ | साल | ४० | २६७.२५ | - |
| २ | असना | ०९ | ५०.७३ | - |
| | जम्मा: | ४९ | ३१७.९७ घ.फि. | |

अध्यक्ष

## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/१०/२५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय सिमरा, बाराबाट तपसिलमा उल्लेखित ऋणीहरुले लघुउद्यम कर्जा अन्तर्गत लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने एवं ऋणी तथा सम्बन्धित पक्षबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

| | |
|---|---|
| **१. नाम : अन्जु कुमारी**<br>ना.प्र.नं. १७६७/१९२६, जि.प्र.का. बारा<br>जारी मिति : २०६०/०७/२७<br>पतिको नाम : विरेन्द्र प्रसाद साह<br>ससुराको नाम : हरीहर सा कानु<br>ठेगाना : बारा जिल्ला, खोपवा वडा नं. २<br>हाल : बारा जिल्ला, जितपुर सिमरा वडा नं. २ | **२. नाम : माया मुक्तान**<br>ना.प्र.नं. ३३-०२-७५-००४४६, जि.प्र.का. बारा<br>जारी मिति : २०७५/०२/०९<br>पतिको नाम : विजय तमाङ<br>ससुराको नाम : बुद्धि ब. तमाङ<br>ठेगाना : बारा जिल्ला, जितपुर सिमरा वडा नं. १ |
| **३. नाम : आशमा खातुन**<br>ना.प्र.नं. ३३१०८१/३१९८, जि.प्र.का. बारा<br>जारी मिति : २०६८/०६/१८<br>पतिको नाम : मुन्ना अंसारी<br>ससुराको नाम : हनिफ मिया अंसारी<br>ठेगाना : बारा जिल्ला, पिप्रा सिमरा वडा नं. ४<br>हाल : बारा जिल्ला, जितपुर सिमरा वडा नं. २ | **४. नाम : सोमा कुमारी थापा**<br>ना.प्र.नं. ३४१६०३१८६५०, जि.प्र.का. पर्सा<br>जारी मिति : २०४४/१२/१०<br>पतिको नाम : सूर्य बहादुर गुरुङ्ग<br>ससुराको नाम : राम बहादुर गुरुङ्ग<br>ठेगाना : पर्सा जिल्ला, वीरगंज वडा नं. १४<br>हाल : बारा जिल्ला, जितपुर सिमरा वडा नं. २ |
| **५. नाम : माया थापा मगर**<br>ना.प्र.नं. १६४९१, जि.प्र.का. बारा<br>जारी मिति : २०६२/०३/०२<br>पतिको नाम : देव थापा मगर<br>ससुराको नाम : कालु थापा मगर<br>ठेगाना : बारा जिल्ला, पिपरा सिमरा वडा नं. ४<br>हाल : बारा जिल्ला, जितपुर सिमरा वडा नं. १ | **६. नाम : सुनिता राई**<br>ना.प्र.नं. ३३३०८१/२, जि.प्र.का. बारा<br>जारी मिति : २०६३/१०/११<br>पतिको नाम : बसन्त कुमार राई<br>ससुराको नाम : भिम बहादुर राई<br>ठेगाना : बारा जिल्ला, पिप्रा-सिमरा वडा नं. १<br>हाल : बारा जिल्ला, जितपुर सिमरा वडा नं. २ |
| **७. नाम : कमला लामा (तामाङ्ग)**<br>ना.प्र.नं. २०९८६, जि.प्र.का. बारा<br>जारी मिति : २०६३/०३/२१<br>पतिको नाम : तिर्थ बहादुर तमाङ्ग<br>ससुराको नाम : तुलराम तमाङ्ग<br>ठेगाना : बारा जिल्ला, पिपरा सिमरा वडा नं. १<br>हाल : बारा जिल्ला, जितपुर सिमरा वडा नं. १ | **८. नाम : युराना खातुन**<br>ना.प्र.नं. ३२-०१-७५-०२५२४, जि.प्र.का. रौतहट<br>जारी मिति : २०७५/०३/२१<br>पतिको नाम : शेख जफिर<br>ससुराको नाम : शेख मोताबिल<br>ठेगाना : रौतहट जिल्ला, ईशनाथ न.पा. वडा नं. ५<br>हाल : बारा जिल्ला, जितपुर सिमरा वडा नं. २ |
| **९. नाम : श्रीमती लक्ष्मी देवी डागी क्षेत्री**<br>ना.प्र.नं. १६०३१९३७६, जि.प्र.का. पर्सा<br>जारी मिति : २०४६/०३/२८<br>पतिको नाम : लाल बहादुर डागी क्षेत्री<br>ससुराको नाम : ओम बहादुर डागी<br>ठेगाना : पर्सा जिल्ला, वीरगंज वडा नं. १६<br>हाल : बारा जिल्ला, जितपुर सिमरा वडा नं. २ | **१०. नाम : बविता साह**<br>ना.प्र.नं. ३४-०१-७३-०९९१९, जि.प्र.का. पर्सा<br>जारी मिति : २०७३/०९/१९<br>पतिको नाम : कृष्ण कुमार साह<br>ससुराको नाम : गोपी प्रसाद तुरहा<br>ठेगाना : पर्सा जिल्ला, वीरगंज वडा नं. २८<br>हाल : बारा जिल्ला, जितपुर सिमरा वडा नं. २ |
| **११. नाम : प्रेम माया थिङ्ग**<br>ना.प्र.नं. ९०३४६२१२, जि.प्र.का. पर्सा<br>जारी मिति : २०६३/०६/०२<br>पतिको नाम : बिर बहादुर थोकर<br>ससुराको नाम : काल बहादुर थोकर<br>ठेगाना : पर्सा जिल्ला, सुबर्णपुर वडा नं. २<br>हाल : बारा जिल्ला, जितपुर सिमरा वडा नं. २ | **१२. नाम : मनमाया पुलामी मगर**<br>ना.प्र.नं. ३३३०१७ /४१, जि.प्र.का. बारा<br>जारी मिति : २०६३/१०/०३<br>पतिको नाम : खड्ग बहादुर श्रेष्ठ<br>ससुराको नाम : विर बहादुर श्रेष्ठ<br>ठेगाना : बारा जिल्ला, भरतगंज सिंगैल वडा नं. ७<br>हाल : बारा जिल्ला, जितपुर सिमरा वडा नं. २ |
| **१३. नाम : मिना भुजेल**<br>ना.प्र.नं. १०४३९, जि.प्र.का. सुनसरी, जारी मिति : २०५५/०४/१७<br>पतिको नाम : केशन ब. लिम्बु, ससुराको नाम : तिल ब. लिम्बु<br>ठेगाना : सुनसरी जिल्ला, पाचकन्या वडा नं. १, हाल : बारा जिल्ला, जितपुर सिमरा वडा नं. १ | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : सिमरा, बारा, फोन नं. ०५३-५२१८५६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय क्षिरेश्वर, महेन्द्रनगरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/१०/२५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/०८/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

धनुषा जिल्ला, सखुवा महेन्द्रनगर वडा नं. १ (हाल क्षिरेश्वरनाथ न.पा. वडा नं. ५) स्थित रजिष्टर्ड कार्यालय रहि नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०६९ साल फाल्गुन महिना ६ गते व्यवसाय दर्ता नं. ५३४२/८८९/०६९/७० तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०६९/११/०६ मा स्थायी लेखा नम्बर (PAN) ६०१००३२९३ अन्तर्गत दर्ता कायम भएको **नेहा रेडिमेड फैन्सी स्टोर्स** ।
**प्रोप्राइटर : धनवीर चौधरी**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. द्वारिका चौधरीको नाति, राम नारायण चौधरीको छोरा, धनुषा जिल्ला, साविक विनिनिया गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, लक्ष्मीनिया गा.पा. वडा नं. ५ बस्ने **धनवीर चौधरी** (ना.प्र.नं. ०७७४२४४३, जारी मिति २०५९/११/२०, जि.प्र.का. धनुषा)। | २. द्वारिका चौधरीको नाति, राम नारायण चौधरीको छोरा, धनुषा जिल्ला, साविक विनिनिया गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, लक्ष्मीनिया गा.पा. वडा नं. ५ बस्ने **रघुवीर चौधरी** (ना.प्र.नं. ०७७४२५००, जारी मिति २०६१/११/२३, जि.प्र.का. धनुषा)। |
| ३. द्वारिका चौधरीको नाति, राम नारायण चौधरी कलवारको छोरा, धनुषा जिल्ला, साविक विनिनिया गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, लक्ष्मीनिया गा.पा. वडा नं. ५ बस्ने **महावीर चौधरी कलवार** (ना.प्र.नं. १७३०९४/३१८, जारी मिति २०६३/१२/०६, जि.प्र.का. धनुषा)। | ४. राम नारायण चौधरीको बुहारी, धनवीर चौधरीको पत्नी, धनुषा जिल्ला, साविक विनिनिया गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, लक्ष्मीनिया गा.पा. वडा नं. ५ बस्ने **शैल कुमारी कलवार** (ना.प्र.नं. १७३०९४/३१९, जारी मिति २०६३/१२/०६, जि.प्र.का. धनुषा)। |

५. द्वारिका चौधरीको बुहारी, राम नारायण चौधरीको पत्नी, धनुषा जिल्ला, साविक गोपालपुर गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, लक्ष्मीनिया गा.पा. वडा नं. ५ बस्ने **पासपति देवी चौधरी कलवार** (ना.प्र.नं. ०७७४१३७९, जारी मिति २०३६/०९/२३, जि.प्र.का. धनुषा)।

**धितोको विवरण**

१. पासपति देवी चौधरी कलवार (ना.प्र.नं. ०७७४१३७९, जारी मिति २०३६/०९/२३, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक वनिनिया गा.वि.स./न.पा. वडा नं. ९ हाल धनुषा जिल्ला, लक्ष्मीनिया गा.पा. वडा नं. ५ स्थित कि.नं. ५३६ को क्षेत्रफल ०-०-१८-० (बि.क.धु.क.) र धनुषा जिल्ला, साविक हरिहरपुर गा.वि.स./न.पा. वडा नं. १ नक्सा सिट नं. १ घ हाल धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ५ स्थित कि.नं. १६८१ को क्षेत्रफल ०-०-८-० (बि.क.धु.क.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. नेहा रेडिमेड फैन्सी स्टोर्सको स्वामित्वमा रहेको माल सामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/११/१० गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय क्षिरेश्वर, महेन्द्रनगरमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/११/११ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय क्षिरेश्वर, महेन्द्रनगरमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय क्षिरेश्वर, महेन्द्रनगरमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : क्षिरेश्वर, महेन्द्रनगर
फोन नं. ०४१-५४०४२८
Website : www.siddharthabank.com

# सुरक्षा उच्च प्राथमिकतामा राख्न निर्देशन



**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला प्रहरी कार्यालय रौतहटको अनुगमन गर्दै मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी गोबिन्द थपलियाले निर्वाचन सुरक्षालाई उच्च प्राथमिकतामा राख्न निर्देशन दिएका छन् ।

अनुगमन एवम भ्रमणका क्रममा जिल्ला प्रहरी कार्यालय पुगेका डिआइजी थपलियाले कार्यालय प्रमुख प्रहरी उपरीक्षक (एसपी) सिताराम रिजालसहित उपस्थित प्रहरी कर्मचारी तथा निर्वाचन सुरक्षामा खटिने प्रहरीहरुलाई सम्बोधन गरेका थिए।

उनले आउँदो फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन लाई निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन विशेष सुरक्षा योजना तयार गर्न निर्देशन दिएका थिए । जिल्लाभित्र हुने सम्भावित आपराधिक गतिविधि नियन्त्रण गर्न प्रभावकारी रणनीति अपनाउन तथा सीमा नाकाहरूमा कडा जाँच व्यवस्था मिलाउन पनि उनले जोड दिएका थिए।

डिआइजी थपलियाले प्रहरी परिचालनलाई थप प्रभावकारी बनाउँदै सुरक्षा जाँचलाई कडाइका साथ लागू गर्न र उच्चस्तरीय प्रहरी आचरण प्रदर्शन गर्न निर्देशन दिएका छन्। "नेपाल प्रहरीको प्रतिष्ठा जोगाउने गरी अनुशासित र जिम्मेवार ढंगले काम गर्नुपर्ने आवश्यकता रहेको छ," उनले बताएका थिए।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी विष्णु प्रदीप बस्यालका अनुसार अनुगमनका क्रममा डिआइजी थपलियाले आपराधिक क्रियाकलाप, तस्करी नियन्त्रणमा विशेष ध्यान दिन तथा प्रहरी आचरणविरुद्ध कुनै पनि गतिविधि नगर्न स्पष्ट निर्देशन दिएका छन् । कार्यक्रममा इलाका प्रहरी कार्यालय गरुडा, चन्द्रपुर, मौलापुर, विजयपुर लगायत जिल्लाभरिका युनिट प्रमुखहरूको सहभागिता रहेको थियो।

यसैबीच शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउन जिल्लामा ५ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिने जनाइएको छ।

निर्वाचन सुरक्षा नीति अनुसार नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, निर्वाचन प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, सादापोशाकका सुरक्षाकर्मी तथा सूचकसमेत परिचालन गरिएको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ।

सिडियो दिनेश सागर भुषालका अनुसार जिल्लाभर निर्वाचन सुरक्षाका लागि निर्वाचन प्रहरी ३३०१, नेपाल प्रहरी १३४४, सशस्त्र प्रहरी ७५६ , प्रत्येक निर्वाचन क्षेत्रमा मेजरको कमाण्डमा नेपाली सेना ११० जना परिचालन भएका छन् । त्यस्तै राष्ट्रिय अनुसन्धान, विशेष सादा पोशाकका प्रहरी र सूचनाकर्मीसमेत परिचालन गरिएको छ।

रौतहटका चारवटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा नेपाली सेना खटाइएको छ। गौर स्थित पुरेनवा नारायणदल गणबाट एक मेजर (सेनानी) को कमाण्डमा प्रत्येक क्षेत्रमा एक-एक गुल्म परिचालन गरिएको सेनाले जनाएको छ। एक गुल्ममा करिब ११० जना सैनिक रहने व्यवस्था रहेको बताइएको छ।

# आचार संहिता विपरीतका प्रचार सामग्री हटाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा प्रहरीले जनकपुरधामका विभिन्न स्थानबाट निर्वाचन आचरसंहिता विपरीत पोष्टर, व्यानर, स्टिकर, झण्डा लगायतका सामग्रीहरु हटाएका छन् ।

शनिवार जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरीले टोलीले जनकपुरधाम नगर भित्र अनुगमन गरी १ हजार ५ सय संख्याको हाराहारीमा आचार संहिता विपरितका त्यस्ता सामग्रीहरु हटाएको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी गणेशबहादुर बमले आचार संहिता विरित प्रयोग गरिएको पोष्टर, व्यानर, स्टिकर, झण्डा लगायतका सामाग्री हटाउन पटक पटक आग्रह गर्दा पनि नमानेपछि प्रहरीले आफै ती सामाग्री हटाएका बताए ।

फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै निर्वाचन आयोगले लागू गरेको निर्वाचन आचारसंहिता-२०८२ ले सार्वजनिक स्थानमा कुनै पनि प्रकारका प्रचार सामग्री टाँस्न, झुन्ड्याउन वा प्रदर्शन गर्न कडाइका साथ रोक लगाएको हो ।



तर, यही आचारसंहिता विपरीत जनकपुरधामका मुख्य सडक, चोक, बिजुलीका पोल, सार्वजनिक भवन आसपास तथा भीडभाड हुने स्थानहरूमा विभिन्न पार्टीहरुले पोष्टर ब्यानर भण्डा लगायतका सामाग्री खुलेआम रुपमा प्रयोग गरिएको देखिएपछि केही दिनदेखि निकै आलोचना भइरहेको थियो ।

खासगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को बढी पोष्टर र झण्डा 'अब कि बार बालेन सरकार' लेखिएका ब्यानरहरू झुन्ड्याएको थियो । शहरका रामचोक, शिवचोक, जानकी मन्दिर आसपास, जनकचोक, मिल्स एरिया, क्याम्पस रोड, मुरली चोक, एयरपोर्ट एरिया, बसपार्क क्षेत्रलगायतका स्थानमा दर्जनौं पोल र सार्वजनिक संरचनामा ब्यानर, पोस्टर झुण्डयाइएको थियो ।

माघ ४ गतेदेखि नै निर्वाचन आचारसंहिता लागू भइसक्दा पनि यस्ता प्रचार सामग्री हटाउनेतर्फ सम्बन्धित दल गम्भीर नदेखिएको भनी आलोचना भइरहेको थियो । विभिन्न संचार माध्यममा समाचारहरु समेत आउन थालेपछि प्रहरी सक्रिय भएका हुन् ।

निर्वाचन आचारसंहिता-२०८२ अनुसार कुनै पनि दल वा उम्मेदवारले सार्वजनिक सम्पत्ति, सडक, पोल, पार्क, सरकारी भवन, पर्खाल, पुल वा सार्वजनिक स्थलमा पोस्टर, फ्लेक्स, ब्यानर, पर्चा वा झण्डा राख्न पाइँदैन । यस्ता सामग्री निजी सम्पत्तिमा राख्नुपरेमा पनि सम्बन्धित घरधनी वा मालिकको लिखित अनुमति अनिवार्य गरिएको छ ।

आचारसंहिताले स्पष्ट रूपमा भनेको छ, 'स्वच्छ, मर्यादित र निष्पक्ष निर्वाचनका लागि सार्वजनिक स्थानलाई राजनीतिक प्रचारको अखडा बनाइनु हुँदैन ।' तर, जनकपुरधाममा देखिएको अवस्था भने यसको ठीक विपरीत छ।

सामान्यतया आचारसंहिता उल्लङ्घनमा आयोगले चेतावनी, जरिवाना, प्रचार सामग्री हटाउने आदेश वा उम्मेदवारीसमेत खारेज गर्ने अधिकार राख्छ । तर, जनकपुरधाममा हालसम्म यस्ता कदम प्रभावकारी रूपमा चालिएको देखिँदैन ।

## कांग्रेसको मधेश सभा फागुन ६ गते



**टुडे समाचारदाता**

जनकपुरधाम । फागुन ७ गतेका लागि तय गरिएको नेपाली कांग्रेसको मधेश सभा एक दिन अघि ६ गतेका लागि सारिएको छ।

मधेस प्रदेश कार्यसम्पादन समितिको बैठकले फागुन ६ गते जनकपुरधाममा मधेस सभाको आयोजना गर्ने निर्णय गरेको छ। शनिबार बसेको बैठकले फागुन ६ गते जनकपुरधामस्थित तिरहुतीया गाछीमा मधेस सभा आयोजना गर्ने निर्णय गरेको हो।

बैठकले सभाको प्रचार-प्रसारको जिम्मेवारी नितेशकुमार गुप्तालाई तथा मञ्च व्यवस्थापनको जिम्मेवारी योगेन्द्र पञ्जियारलाई प्रदान गर्ने निर्णय गरेको छ।

त्यसैगरी, मधेस सभाको समग्र तयारी, व्यवस्थापन तथा सङ्गठनात्मक विषयमा व्यापक छलफल गर्दै सभालाई प्रभावकारी र सफल बनाउन मधेस प्रदेशका सबै ३२ निर्वाचन क्षेत्रबाट लाखौं सहभागीहरू बोलाउने निर्णय गरिएको छ।

उक्त सभामा नेपाली कांग्रेसका सभापति गगनकुमार थापा प्रमुख अतिथिका रूपमा सहभागी हुनेछन् भने केन्द्रका पदाधिकारीहरूको समेत उपस्थिति रहने नेपाली कांग्रेस मधेस प्रदेश प्रचार प्रसार विभाग प्रमुख नितेशकुमार गुप्ताले जानकारी दिएका छन् ।

# १० वर्ष मात्रै राजनीतिमा सक्रिय रहने : झा

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेपालका प्रवक्ता एवं धनुषा ३ का उम्मेदवार मनिष झाले आफू अबको दस वर्ष मात्रै सक्रिय राजनीतिमा रहने घोषणा गरेका छन् । शनिबार जनकपुरधाममा आयोजित पार्टी प्रवेश कार्यक्रममा सम्बोधन गर्दै प्रवक्ता झाले निश्चित समयपछि नेतृत्व नयाँ पुस्तालाई हस्तान्तरण गर्ने बताए।



उनले आफू भविष्यमा नयाँ पुस्ताको राजनीतिक मेन्टर र गाइडको रूपमा रहने स्पष्ट पारे । समयमै राजनीतिक पुस्तान्तरण हुन सके नेपालको राजनीति आफैँ सुध्रिने उनको तर्क थियो। प्रवक्ता झाले रास्वपाले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लागू गर्ने पनि बताए।

उनका अनुसार पुरानो सोच र शैलीलाई क्रमशः विस्थापित गर्दै नयाँ पुस्तालाई जिम्मेवारी दिनु नै मुलुकको राजनीतिक सुधारको मुख्य आधार हो । उनले मेरो प्रतिष्पर्धा कुनै व्यक्तिसँग नभई भ्रष्टाचारमा डुबेका सिस्टमसँग रहेको कुरामा जोड दिए।

सो कार्यक्रममा विभिन्न पार्टीका नेता कार्यकर्ता तथा युवाहरु रास्वपा पार्टीमा प्रवेश गरेका थिए।

# जनताका लागि सधैं अगाडि रहनेछु : सिंह

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका नेता एवं प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि महोत्तरी ३ का उम्मेदवार जनताको समस्या पर्दा सधैं अगाडि रहने प्रतिबद्धता जनाएका छन् ।



जलेश्वर नगरपालिका-९ का वडाध्यक्ष हुँदा सीमित बजेटमै पनि राम्रो काम गरेको दाबी गर्दै जनताले आफूलाई फेरि विश्वास गर्ने उनले अपेक्षा व्यक्त गर्दै भारी मतले विजयी हुने दाबी गरेका छन्।

प्रचार प्रसारको क्रममा उम्मेदवार सिंहले नेकपा एमाले नै देश विकास र स्थायित्वको प्रमुख शक्ति भएको दाबी गर्दै विगतका सरकारले गरेका कामहरूको उदाहरण दिँदै एमालेले देश र जनताको हितमा धेरै ठोस काम गरेको बताए।

महोत्तरी ३ मा प्रमुख दलका उम्मेदवार मध्ये प्रतिष्पर्धी उम्मेदवार रहेको सो क्षेत्रमा मानिएको छ । सिंह पार्टीको इलाका सचिवमा ३ कार्यकाल काम गरिसकेको छ भने जिल्ला कमिटीमा १० वर्षसम्म संगठन विभाग प्रमुखमा सक्रिय भूमिका निर्वाहसहित काम गर्दै आएको छ। हाल दुई कार्यकालदेखि मधेश प्रदेश समितिमा काम गर्दै आएको सिंह तीन पटक महाधिवेशन प्रतिनिधि समेत रहिसकेका छन।

# स्टेडियम आफ्नो प्राथमिकतामा : निधि

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता एवं धनुषा ३ का उम्मेदवार विमलेन्द्र निधिले जनकपुरधाममा निर्माणाधीन श्रीरामजानकी क्रिकेट स्टेडियम आफ्नो प्राथमिकतामा रहेको बताएका छन् ।

शनिबार चुनावी प्रचारका क्रममा वडा भेलालाई सम्बोधन गर्दै नेता निधिले क्रिकेट स्टेडियम निर्माणलाई प्राथमिकतामा रहेकाले यस विषयमा भारतीय दूतावास तथा संघीय र प्रदेश सरकारका अर्थमन्त्रीसँग छलफल गरिसकेको बताए।




उनले भने, 'मैले भारतीय दूतावास र दुबै अर्थमन्त्रीसँग कुरा गरिसकेको छु । जनकपुरधाममा अन्तर्राष्ट्रियस्तरको क्रिकेट स्टेडियम बन्नै पर्छ।'

निधिले जनकपुरधामलाई खेलकुद पर्यटनको केन्द्रका रूपमा विकास गर्न स्टेडियम महत्वपूर्ण पूर्वाधार हुने उल्लेख गर्दै यसले युवाहरूलाई खेलतर्फ आकर्षित गर्नुका साथै रोजगारीका अवसर सिर्जना गर्ने निश्चि रहेको भने ।

उनले आगामी दिनमा केन्द्र, प्रदेश र स्थानीय तहको सहकार्यमा निर्माण कार्यलाई तीव्रता दिइने प्रतिबद्धता जनाए । 'यो खेल मैदान मात्र नभई जनकपुरधामको पहिचान र गौरवसँग जोडिएको परियोजना हो,' उनले थपे ।

# 'जनकपुर घोषणापत्र २०८२' सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशस्तरीय युवा मञ्चले जनकपुर घोषणापत्र २०८२ सार्वजनिक गरेको छ।

लोकतन्त्र, महिला अधिकार र युवाको अर्थपूर्ण सहभागितालाई सुदृढ बनाउने उद्देश्यले राज्यका हरेक निर्णय प्रक्रियामा युवा तथा महिलाको निर्णायक भूमिका सुनिश्चित गर्न माग गर्दै घोषणापत्र जारी गरिएको छ।

जनकपुरधाममा शनिबार ओरेकका कार्यकारी निर्देशक सुनिता मैनालीसहित विभिन्न १३ वटा संघसंस्थाको संयुक्त आयोजनामा सम्पन्न प्रदेशस्तरीय युवा मञ्चले लोकतान्त्रिक अभ्यासलाई बलियो र पारदर्शीका लागि छलफल गर्दै पछाडि पारिएका समुदायको समावेशी विकासका लागि लोकतन्त्रको विकल्प नरहेको निष्कर्ष निकालेको छ।



उक्त कार्यक्रममा सहभागी युवा तथा युवतीहरुले लोकतन्त्रलाई मतदानमा मात्र सीमित नगरी नीति निर्माण, कार्यान्वयन र अनुगमनमा पनि युवा तथा महिलाको सक्रिय सहभागिताका लागि पहलकदमी लिनुपर्नेमा जोड दिइएको छ।

उक्त घोषणापत्रको प्रस्तावनामा नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रले समावेशी र न्यायपूर्ण समाज निर्माणको संकल्प गरे पनि राजनीतिक निर्णय प्रक्रियामा युवा र महिलाको अर्थपूर्ण सहभागिता अझै चुनौतीपूर्ण रहेको उल्लेख गरिएको छ । देशको कुल जनसंख्याको करिब ४२ प्रतिशत युवा र ५१ प्रतिशतभन्दा बढी महिला रहे पनि नेतृत्व तहमा न्यून सहभागिता रहेको जनाइएको छ।

मधेश प्रदेशमा कुल ६१ लख बढी जनसंख्यामध्ये करिब ५० प्रतिशत पुरुष र करिब ५० प्रतिशत महिला रहे पनि नीति तथा नेतृत्व तहमा लैंगिक र पुस्तागत सन्तुलन अपरिहार्य भएको घोषणापत्रमा उल्लेख छ। 'युथ भिजन २०२५', 'राष्ट्रिय युवा नीति २०८२' तथा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्का प्रस्ताव (१३२५, १८२० र २२५०) को मर्मलाई आत्मसात गर्दै जारी गरिएको घोषणापत्रमा लोकतन्त्र सुदृढीकरणका लागि १४ बुँदे प्रतिबद्धता व्यक्त गरिएको छ।

उक्त घोषणापत्रमा युवा पुस्ताहरु मौन दर्शक नबनी शासन व्यवस्था, राजनीतिक विकृति र सामाजिक अन्यायविरुद्ध निरन्तर प्रश्न उठाउने, प्रमाणमा आधारित वकालत गर्ने र समावेशी नेतृत्व प्रवर्द्धनमा पहल गर्ने प्रतिबद्धता जनाएका छन् । यसका साथै आर्थिक स्वावलम्बन, उद्यमशीलता, सूचना प्रवाह, व्यवहारगत परिवर्तन र सामाजिक इन्जिनियरिङमार्फत समाज रूपान्तरणको संवाहक बन्ने प्रण गरिएको छ।

डिजिटल प्लेटफर्मको जिम्मेवार प्रयोग गर्दै गलत सूचना र घृणित अभिव्यक्तिविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने तथा लोकतान्त्रिक मूल्यलाई व्यवहारमा उतार्न निरन्तर दबाब सिर्जना गर्ने प्रतिबद्धता पनि घोषणापत्रमा उल्लेख गरिएको छ।

युवाले राजनीतिक दल र राज्यका लागि १४ बुँदे मागसमेत समेटेका छन् । ती मागमा नेतृत्व पुस्तान्तरणको संस्थागत व्यवस्था, निर्वाचनमा महिला र युवालाई प्राथमिकता, नैतिक र उत्तरदायी राजनीति, समानुपातिक तथा समावेशी प्रतिनिधित्व, दलित तथा सीमान्तकृत समुदायको विशिष्ट अधिकार सुनिश्चित गर्ने व्यवस्थालाई प्राथमिकतामा राखिएको छ।


त्यस्तै आगामी निर्वाचनका घोषणापत्रमा युवा-महिला एजेन्डा समेट्नुपर्ने, युवा क्षमता अभिवृद्धि, अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयन, हिंसारहित समाज निर्माण, शिक्षा र रोजगारीमा पहुँच विस्तार, डिजिटल सचेतना, सेवामुखी राजनीति तथा जलवायु परिवर्तनका असर न्यूनीकरणमा महिला-युवा सहभागिता सुनिश्चित गर्नुपर्ने माग गरिएको छ।

# आजदेखि क्यान्सरविरुद्ध खोप लगाइने

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लामा ८४ प्रतिशत किशोरीलाई पाठेघरको मुखको क्यान्सर रोगका विरुद्ध एचपिभी खोप लगाइने भएको छ।

जिल्ला जनस्वास्थ्य कार्यालय धनुषाद्वारा आयोजित एचपिभी खोपसम्बन्धी अभिमुखीकरण कार्यक्रममा कार्यालय प्रमुख उमेश यादवले निःशुल्क रुपमा दिइने सो खोप जनकपुरसहित धनुषामा १६ हजार ९६५ किशोरीलाई लगाउने लक्ष्य रहेको बताए । सो खोप कक्षा ६ मा अध्ययनरत छात्रा तथा १० वर्षदेखि १४ वर्षसम्मका किशोरीलाई लगाइने उल्लेख गर्दै उनले सो खोप शतप्रतिशत किशोरीलाई लगाइने बताए।




नेपालमा बर्सेनि दुई हजार १६९ जना महिलालाई पाठेघरको मुखको क्यान्सर हुने गरेको उनीद्वारा प्रस्तुत विवरणमा उल्लेख छ । पटक-पटक भएर २० वर्षसम्म सङ्क्रमण रही रह्यो भने क्यान्सर रोग लाग्ने सम्भावना अत्यधिक रहेको छ।

स्वास्थ्य कार्यालय धनुषाका अनुसार जिल्ला खोप समन्वय समितिको निर्णयअनुसार मिति २०८२ माघ २५ गतेदेखि फागुन २ गतेसम्म तीन चरणमा एचपीभी खोप अभियान सञ्चालन गरिन लागेको हो।

पहिलो चरणमा माघ २५ गतेदेखि २९ गतेसम्म लक्ष्मीनियाँ, गणेशमान, शहीदनगर, हंसपुर, विदेह, धनौजी, मिथिला बिहारी, जनकनन्दिनी, औरही र मुखियापट्टी मुसहरनिया गाउँपालिकाका विद्यालयहरूमा खोप सञ्चालन हुनेछ।

दोस्रो चरणमा माघ २६ गतेदेखि फागुन १ गतेसम्म मिथिला, सबैला, धनुषाधाम र जनकपुरधाम उपमहानगरपालिकामा अभियान संचालन गरिनेछ भने तेस्रो चरणमा माघ २७ गतेदेखि फागुन २ गतेसम्म कमला, बटेश्वर, नगराइन र क्षिरेश्वरनाथ नगरपालिकामा खोप दिइने जनाइएको छ।

अभियान सफल बनाउन पालिका र वडा तहका स्वास्थ्यकर्मी, शिक्षक तथा सरोकारवालाहरूलाई समन्वय गर्न आग्रह गरिएको छ।

स्वास्थ्य कार्यालयले खोप केन्द्रमा ब्ँक्ष (खोपपछिको प्रतिकूल असर) व्यवस्थापनका लागि आवश्यक सामग्री, एडलिनालिन तथा एम्बुलेन्स सेवा तयारी अवस्थामा राख्न निर्देशन दिएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८